जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :
- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक १५६ • २०८१ साल कार्त्तिक १२ गते सोमबार (28 October, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

अस्तित्वको संकटमा जनकपुरधाम

एक दशक भित्रै भारतीय पर्यटक आगमन सुक्ने

टुडे समाचारदाता

जनकपुरधाम । भारत सरकारद्वारा पुनौराधामलाई जनकपुरधामको विकल्पका रुपमा प्रवर्द्धन गर्ने परियोजना कार्यान्वयन गरिएको छ ।

जनकपुरधाम आउने पर्यटकमध्ये ७० प्रतिशत भारतीय पर्यटक रहेको आध्यात्मिक परिवेशमा यसको विकल्पका रुपमा पुनौराधाम विकास परियोजना कार्यान्वयनले पुनौराधामलाई विश्व पर्यटन गन्तव्य स्थल प्रमाणीकरण र भारतीय पर्यटकलाई पुनौराधाममै केन्द्रित गर्ने ध्येय देखिन्छ ।

पुनौराधाम माता जानकीको प्राकट्य स्थल रहेको मिथक छ । यसलाई प्रमाणीकरण गर्ने खोज एवं पुरातात्विक आधार नभएको अवस्थामा भारत सरकारको यो परियोजनाले भविष्यमा जनकपुरधाम आउने भारतीय पर्यटकको मनोभावलाई परिवर्तन गर्ने र यसको प्रतिकूल प्रभाव जनकपुरधामलाई पर्ने संशय उत्पन्न भएको देखिन्छ ।

जनकपुरधाम बिना भारतको धाम र भगवान राम पनि अधुरो रहने यथार्थताको पृष्ठभूमिमा समृद्ध सांस्कृतिक विविधता अन्तर्गत जनकपुरधाम र भारतबीच सामाजिक , सांस्कृतिक र धार्मिक सम्बन्ध विस्तार, तीर्थाटनको प्रवर्द्धन गर्ने रामायण सर्किटको चर्चा परिचर्चा भइरेको बेला पुनौराधाम विकास परियोजना तीर्थाटन सूत्र विपरीत रहेको साधुसन्तहरु बताउँछन् ।

सन् २०१४ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणका क्रममा अयोध्या र जनकपुधामको धार्मिक तथा सांस्कृतिक विकासका लागि गरिएको सम्झौता विपरीत पुनौराधाम विकास परियोजना संस्कृतिको जीवन मार्गलाई कमजोर बनाउने संकेत गरिरहेको डा. भोगेन्द्र झाको भनाइ छ ।

डा. झाका अनुसार नेपालमा जन्मेका गौतम बुद्धको बारेमा पनि भारत सरकारले विगतमा नक्कली तिलौराकोट निर्माण गरी भ्रम सृजना गरेको हुनाले यसप्रति सजग हुनुपर्ने यथेस्ट आधारहरु रहेका छन् ।

डा. झाले भने, 'जनकपुरधामलाई अहिलेसम्म पनि ऐतिहासिक धार्मिक महत्वका रुपमा स्वीकार नगरी मात्र क्रीडास्थलका रुपमा भारतले जिकिर गर्दै आएका कारण उनीहरुको नियत प्रस्ट रहेको हुनाले यसको दोषी यहाँका मठाधीश र नेताहरु रहेको छन् ।'

> जनक सत्य हो भने जनकपुरधाम पनि सत्य हो, जनकपुरधाम शब्दले राजर्षि जनकको निवास स्थललाई नै बोध गराउँछ, तर वर्तमानको जनकपुर राजर्षि जनकको निवास स्थल हो कि अन्य स्थानमा छ, त्यसको खोज हुनु आवश्यक छ ।

उनले अघि थप्दैं भने, 'सुगौली सन्धी अघिसम्म पुनौराधाम नेपालकै भूमि हो । तथापि जनकपुरधामवासीहरुले आफ्नो धार्मिक पुरातात्विक तथा पौराणिक महत्वको संरक्षण संवर्द्धन नगरेका कारण यहाँको अस्तित्व संकटमा परेको छ । यहाँको मानिसहरु पनि मौन छन् ।'

भारतीय सरकार पुनौराधामलाई तिरुपति मन्दिर जस्तो बनाउने लक्ष्यसहित ५०० एकड जग्गा अधिग्रहण, अयोध्या-सीतामढी रेल विस्तार योजना कार्यान्वयनतर्फ अग्रसर छ जसको उद्देश्य मिथिलाको संस्कृति तथा धरोहरलाई संरक्षण, प्रवर्द्धन गर्ने उल्लेख गरिएको छ ।

साधुसन्तको खोजी भइ प्राप्त जनकपुरधामको श्रेय चतुर्भुज गिरी र सूरकिशोर दासलाई मानिन्छ । यिनीहरु आएको समयलाई सत्रौं शताब्दीको अन्ततिरको समय मानिछ ।

अतीतको गौरवगाथा बोकेको मिथिला, जनकपुरधाम अति प्राचीन रहेको छ । यसको प्राचीनता उजागर गर्ने स्रोतहरुमा वेद, उपनिषद् लगायतका ग्रन्थहरु भएको अवस्थामा जनकपुरधामको गौरवगाथा, दुई महान संस्कृतिको मिलन स्थलको अस्तित्वलाई औचित्यहीन गर्ने ध्येय समृद्ध सांस्कृतिक विविधतामाथि नै शंकाको मार्ग प्रशस्त गरिरहेको छ ।

भारत सरकारले पुनौराधामलाई भगवान राम र सीताको जीवनसंग परिभाषित गरी पर्यटकको ध्यान केन्द्रित गर्ने अभियान सञ्चालन गर्नेतर्फ प्रयास गरिरहेको बेलामा पनि जनकपुरधामका जानकी मन्दिर महन्त रामतपेश्वर दास, उत्तराधिकारी रामरोशन दासलगायतका साधुसन्त एवं कतिपय स्रष्टा, कलाकारले पुनौराधामलाई नै जानकी जन्म स्थल भनि अभिव्यक्ति, भक्तिभाव प्रदर्शनले आगामी दिनमा जनकपुरधाममा भारतीय पर्यटकको ओइरोमा प्रतिकूल प्रभाव पर्ने यहाँका पर्यटन व्यवसायीहरु बताउँछन् ।

उद्योग वाणिज्य संघ मधेश प्रदेश उपाध्यक्ष जितेन्द्र महासेठले पुनौराधाममा निर्माण गरिने मन्दिरले जनकपुरधाममा प्रतिकुल असर पर्न नदिनका लागि यहाँका सचेत नागरिकले व्यापकरुपमा प्रचारप्रसार गर्नुपर्ने आवश्यकता रहेको बताए ।

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले पुनौराधाममा जानकी जन्मभूमि सिद्धका लागि विभिन्न परियोजना कार्यान्वयनबाट जनकपुरधामलाई कुनै पनि प्रभाव नपर्ने दाबी गरेका छन् । जानकी र रामबाट जोडिएका जन्मस्थलदेखि वैवाहिक पौराणिक ऐतिहासिक स्थलहरु धनुषाको विभिन्न ठाउँमा छरिएर रहेकाले भारतीय पर्यटकहरुलाई जनकपुरधाम आउनै पर्नेमा उनी ढुक्क छन् ।

जनक सत्य हो भने जनकपुरधाम पनि सत्य हो, जनकपुरधाम शब्दले राजर्षि जनकको निवास स्थललाई नै बोध गराउँछ, तर वर्तमानको जनकपुर राजर्षि जनकको निवास स्थल हो कि अन्य स्थानमा छ, त्यसको खोज हुनु आवश्यक छ ।

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले पुनौराधामलाई भारत सरकारले विकास गरेमा आउने दिनमा जनकपुरधामको पर्यटकको आवागमनमा समेत नकारात्मक असरसंगै व्यवसायमा समेत सुक्ने बताए ।

अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि- डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि- डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग - ३ बर्षे कार्यक्रममा केही सीट रिक्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

पुर्वान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years
BBA 4 Years
MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१-५२७३३६, ९८५४०२१८९७, ९८०१०४८६१७, ९८५४०२४६०३

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी
जनकपुरधाम स्थित होटल

ANJANI SUITE

ANJANI SUITE

विशेषताहरू
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

Anjani Suite

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौ
नियन्त्रण गरौं
विद्यालय

डेंगी रोग डेंगी भाईरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ । एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडोमा पनि हुर्कन सक्दछ ।

पानी राख्ने भाँडाहरु जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।

कोठा भित्र लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं ।

पूरै शरिर ढाक्ने लुगा लगाऔं ।

काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरु पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।

घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तै: पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।

कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौ र लामखुट्टेको फुल नष्ट गरौ ।

शहीदनगर नगरपालिका
यदुकूहा, धनुषा, मधेश प्रदेश

वीरगञ्ज नाकाबाट आयात-निर्यात घट्यो

वीरगञ्ज । वीरगञ्ज नाकाबाट चालु आर्थिक वर्षको तीन महिनामा आयात र निर्यात दुवै घटेको पाइएको छ।

चालु आवको तीन महिनामा रु एक खर्ब ४३ अर्ब ९१ करोड ६६ लाख पाँच हजार बराबरका मालसामान आयात भएका छन्। गत आवको सोही अवधिमा भएको आयातमा छ दशमलव ४३ प्रतिशतले कमी भएको भन्सार कार्यालयले जनाएको छ। गत आवको सोही अवधिमा रु एक खर्ब ५३ अर्ब ८० करोड ६३ लाख २१ हजार बराबरका सामान आयात भएका थिए।

प्रमुख भन्सार प्रशासक दीपक लामिछानेका अनुसार चालु आवको तीन महिनामा वर्षाका कारण आयातमा केही कमी आएको हो। तीन महिनामा समग्रमा राजस्व सङ्कलन भने बढेको छ।

चालु आवको तीन महिनामा वीरगञ्जबाट रु सात अर्ब ७६ करोड ३० लाख ५२ हजार मूल्य बराबरका उत्पादन विदेश निर्यात भएका छन्। गत आवको सोही अवधिमा रु आठ अर्ब ४६ करोड ७४ लाख ३४ हजार मूल्य बराबरका सामान निर्यात भएका थिए।रासस

थाई एयर एसियाको उडान निलम्बित

काठमाण्डु। उडान अनुमति नलिई काठमाडौं आएको थाई एयर एसियाको विमानलाई नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले कारबाही गरेको छ। थाइल्याण्डबाट काठमाडौं आएको उक्त विमानलाई अवतरण गर्न दिएर कारबाही गरेको हो। करिब एक घण्टा 'होल्ड' भएपछि विमान काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार थाई एयर एसियाको उडान तत्कालका लागि निलम्बन गरिएको छ। नेपालको आधिकारिक एजेन्ट (जीएसए) पनि रद्द भएको छ।

सूचना अधिकारी भूलले थाई एयर एसियाको उक्त विमानको शनिबारसमम्म मात्रै उडान अनुमति रहेकाले आजको उडानलाई ' विशेष चार्टर्ड' उडानको अनुमति दिइएको जानकारी दिनुभयो। "विमानलाई धेरै समय होल्डिङ गर्दा सुरक्षाको विषय पनि आउछ", उहाँले भन्नुभयो, "यात्रुको सुरक्षा र मानवीयताको कारणले आजको उडानलाई अनुमति दिएर विमान अवतरण गरिएको हो। अब, तत्कालको लागि नेपालको सम्पूर्ण अनुमति रद्द गरिएको छ। जिएसए पनि रद्द भएको छ।"

विशेष चार्टर्ड उडान अनुमति पाएको सो विमानले काठमाडौंबाट आइतबारै यात्रुलिएर बैंकक फर्किने विमानस्थल कार्यालयले जनाएकोछ।थाई एयर एसियाले अक्टोबर २६ अर्थात् कात्तिक १० गतेसम्मका लागि मात्रै उडान अनुमति लिएको थियो।

प्राधिकरणले आइतबारदेखि अन्तर्राष्ट्रिय उडानको 'विन्टर सेड्युल' बनाएको थियो। अनुमति नलिई विमान अवतरण गर्न खोजेपछि प्राधिकरणले कारबाही गरेको हो।

प्राधिकरणले (२७ अक्टोबर २०२४ देखि ३१ मार्च २०२५) सम्मको उडान तालिका सार्वजनिक गरेको छ। थाई एयर एसियाले गत असोज १६ गतेदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पुनःउडान सुरु गरेको थियो।रासस

प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै

काठमाण्डु। प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै गएको बताउनुभएको छ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले आइतबार आयोजना गरेको 'फौजदारी न्याय प्रणालीमा देखिएका चुनौती र सुधारका उपाए' विषयक कार्यशालामा प्रधानन्यायाधीश रावतले अपराध अनुसन्धानमा व्यावसायिक क्षमता विकास गर्नसके फौजदारी न्याय प्रणाली थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो।

उहाँले प्रभावकारी फौजदारी न्याय प्रणालीको विकास गर्न अपराध अनुसन्धानमा नवीनताको विकास गर्न जरुरी रहेको पनि औँल्याउनुभयो।

न्याय प्रणालीलाई थप प्रभावकारी र छिटोछरितो बनाउन सरोकार राख्ने निकायबीचको समन्वय बढाउनुपर्ने आवश्यकता औँल्याउँदै प्रधानन्यायाधीश राउतले वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणका आधारमा अनुसन्धान गर्न जरुरी रहेको बताउनुभयो।संविधान र कानुनको सिद्धान्तका आधारमा न्यायलाई नतिजामुखी बनाउन सफल अनुसन्धानले सहयोग गर्ने उल्लेख गर्दै उहाँले यहाँ आज आयोजित कार्यशालाले न्यायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

महान्यायाधिवक्ता रमेश बडालले कतिपय अपराध अनुसन्धाका फाइल हेर्दा अनुसन्धान अपुरै रहेको देखिने गरेको भन्दै यसतर्फ अनुसन्धान अधिकृतहरुको ध्यानाकर्षण गराउनुभयो। उहाँले कुनै पनि अपराधको अनुसन्धानमा बयानले मात्रै नपुग्नेमा जोड दिँदै उहाँले वस्तुनिष्ठ तथ्य, फिङ्गर प्रिन्ट वा त्यस्तै प्रमाण जरुरी हुने बताउनुभयो। लागुऔषधका आरोपीमाथिको अनुसन्धानको उदाहरण दिँदै उहाँले त्यस्ता व्यक्तिको अनुसन्धानका लागि शरीरमा लागुऔषधको तत्व देखिएको प्रमाण आवश्यक हुनेतर्फ अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराउनुभयो।

गृहसचिव गोकर्णमणि दुवाडीले आजको कार्यशालाले फौजदारी न्यायप्रणाली सुधारका विषयमा महत्वपूर्ण निष्कर्ष निकाल्ने विश्वास गरिएको बताउनुभयो। उहाँले राज्यका निकायप्रति नागरिकको विश्वास जगाउनु चुनौती खडा हुँदै गएको बताउँदै प्रविधिको विकाससँगै अपराधमा पनि नयाँ शैलीको प्रयोग हुन थालेकाले अनुसन्धानलाई थप प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गर्नुभयो।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले कसुरको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणले स्वच्छ र निष्पक्ष न्याय प्रथान गर्ने बताउँदै सफल अनुसन्धानले नेपाल प्रहरीको शाख र गरिमा बढाउने उल्लेख गर्नुभयो। उहाँले प्रमाणमुखी अनुसन्धानलाई प्रहरीले जोड दिएको पनि बताउनुभयो।

अझै पनि परम्परागत अपराधकोबाहुल्यतारहेकोजानकारी गराउँदै प्रहरी महानिरीक्षक कुँवरले परम्परागत अपराध अनुसन्धानका साथै आधुनिक अनुसन्धान प्रणालीलाई पनि सँगसँगै लगिएको बताउनुभयो। उहाँले आजको कार्यशालाले फौजदारी न्याय प्रणालीको सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। रासस

गाउँगाउँमा छठ घाटको तयारी गरिँदै

जलेश्वर । छठपर्व नजिकिँदै गर्दा महोत्तरीसहित मिथिलाञ्चलको गाउँगाउँमा छठ घाटको तयारी तीव्र भइरहेको छ। तराई मधेससहित देशकै प्रमुख चाडमध्येको एक छठपर्वका लागि विभिन्न पोखरी, नदी र तलाउमा धमाधम मन्दिर निर्माण, घाट निर्माण र शृङ्गारका विभिन्न तयारी भइरहेका छन्।

मिथिलाञ्चलभरिको एउटै पोखरी तथा नदी तलाउमा एक सय, दुई सय र पाँच जना र सोभन्दा बढी व्यक्तिले छठपर्व मनाउने चलन रहेका कारण त्यसका लागि १५/२० दिन पहिलेदेखि नै छठ घाटमा विभिन्न तयारी गर्नुपर्ने हुन्छ। मिथिलाको प्रमुख पर्वका रूपमा मानिएको छठपर्व यस क्षेत्रमा निकै धुमधामका साथ मनाउने भएकाले यहाँका पोखरी, नदी, तलाउजस्ता जलासयमा अहिले छठपर्वको तयारी तीव्रताका साथ भइरहेको जलेश्वर नगरपालिका-५ का संस्कृतिविद् ध्रुव रायले बताउनुभयो। सूर्य भगवान् तथा छठी माताको पूजा पानीमै हुने भएकाले मिथिलाञ्चलका जलासयमा अहिले छठपर्वका लागि सरसफाइ, घाट निर्माण, खाल्डाखुल्डी पुर्ने काम, सडक, बाटो बनाउने काम तीव्रताका साथ भइरहेको जलेश्वर नगरपालिका-८ का वडाध्यक्ष विजयकुमार सिंहले बताउनुभयो। छठपर्व मिथिलावासीले धुमधामका साथ मनाउँदै आएका छन्। यस पर्वका लागि जलासयमा एक महिना पहिलेदेखि नै सरसफाइ, मर्मतसम्भार, मन्दिर निर्माण र शृङ्गार्नेजस्ता तयारी गर्नुपर्ने जलेश्वर नगरपालिकाका प्रमख सुरेश साह सोनारले बताउनुभयो।

यसैबीच परापूर्वकालदेखि नै सूर्य पूजा तथा छठीमाताको पूजाका लागि महोत्तरीको जलेश्वर नगरपालिका-८ स्थित पाठक पोखरीमा बीच पानीमा बाँस र काठको प्रयोग गरेर मन्दिर निर्माण, मन्दिरमा पुग्नका लागि पानीमै बाँसको तैरिने बाटो निर्माण गरिन्छ।

त्यस्तै करिब आधा किलोमिटरसम्म गुफाबाला पंडाल र विभिन्न खालको सजीसजाउ र बिजुली बत्ती जडान गर्ने चलन छ।

अहिले पनि त्यहाँ धमाधम ती काम भइरहेको स्थानीय प्रदीप पाठकले बताउनुभयो।

त्यस्तै जलेश्वर नगरपालिका-१ स्थित बरुण सरोवरमा पनि छठपर्वका लागि चारैतिर ठूल्ठूला पंडाल, रङ्गीचङ्गी सजीसजाउ र बिजुली बत्ती जडानजस्ता कार्य भइरहेका छन्।

जिल्लाको मटिहानी, गौशाला, औरही, बलवा, लोहारपट्टीलगायत स्थानमा नदीमा छठपर्व मनाउने चलन रहेका कारण ती स्थानका नदीमा अहिले बाटो निर्माण, घाट निर्माण, पंडाल निर्माण र रङ्गीचङ्गी बिजुली बत्ती सजाउने कार्य धमाधम भइरहेको जिल्ला समन्वय समितिका संयोजक सुमनकुमार लाल कर्णले बताउनुभयो।रासस

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको "बेष्ट बैंक अवार्ड" बाट सम्मानित

टुडे समाचारदाता

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेड ग्लोबल फाइनान्स म्यागाजिनको बेष्ट बैंक अवार्ड २०२४ बाट सम्मानित भएको छ। शनिबार संयुक्त राज्य अमेरिकामा आयोजित एक समारोहमा ग्लोबल फाइनान्सका फाउण्डर तथा एडिटोरियल निर्देशक जोसेफे डी गिआरापुटोले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेललाई उक्त अवार्ड हस्तारण गर्नुभयो।

विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरुको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरुमा ग्लोबल आइएमई बैंक सन् २०२४ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो।

बैंकका अक्ष्यक्ष ढकालले यस सम्मानले ग्लोबल आइएमई बैंकलाई थप उत्कृष्ट सेवा प्रदान गर्न प्रोत्साहित गरेको बताउँदै यस सम्मानका लागि विभिन्न पक्षबाट सहयोग गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायहरु, सेयरधनी, कर्मचारी तथा सम्पूर्ण ग्राहकवर्गमा खुसी साट्दै हार्दिक आभार व्यक्त गर्नुभयो।

ग्लोबल फाइनान्स म्यागाजिनले ग्लोबल आइएमई बैंकसहित अफ्रिका, एशिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरुलाई सम्मान गरेको हो ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो। ग्लोबल फाइनान्सले विश्वका उत्कृष्ट केन्द्रिय बैंक र वाणिज्य बैंकहरुलाई यो प्रतिष्ठित अवार्ड प्रदान गर्ने गर्दछ।

BEST BANK AWARDS CEREMONY 2024
WORLD'S BEST BANKS 2024
GLOBAL FINANCE

ग्लोबल फाइनान्सले २०२४ को लागि हङकङको एचएसबीसी, संयुक्त राज्य अमेरिकाको बैंक अफ अमेरिका, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेशियाको मेबैंक, बङ्लादेशको स्टान्डर्ड चार्टर्ड बङ्लादेश, फिलिपिन्सको मेट्रोबैंक लगायतका विश्वभरका विभिन्न बैंकहरुलाई विभिन्न विधामा सम्मानित गरेको हो।

ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी समयसान्दर्भिक नविनतम् सेवाहरु प्रदान गर्दै आइरहेको ग्लोबल आइएमई बैंकलाई ग्लोबल फाइनान्सबाट "नेपालको उत्कृष्ट बैंक" को सम्मानले आगामी दिनमा बैंकलाई रचनात्मक सेवाहरु प्रदान गर्न प्रोत्साहित गर्नेछ।

यस अघि पनि ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले अहिलेसम्म यस अवार्डसहित बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३८४ एटिएम, २५५ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

कागजात हरायो

यहि मिति २०८१/०७/०३ शनिबारको दिन ज. १३ प. २२१३ नं. भएको मोटरसाईकलबाट जनकपुर देखि मडै आउने क्रममा फाईलमा राखिएको अन्य कागजातको फोटोकोपी र ऋत्भ्ख्त को इचष्षलर्बा :ष्चनबचतष्यल फाईल सहित हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी तथा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध गर्दछु। साथै खबर दिने महानुभावको लागि उचित पुरस्कारको पनि व्यवस्था गरिएको छ।

सम्पर्क नं.:-

नाम : **विकेश यादव**
ठेगाना : **महोत्तरी-०२, महोत्तरी**
मोबाइल नं. :**९८०७८३१५६९, ९८१२११७७२०**

तपाईंको आज

पण्डित : बम जी

मेष	: पारिवाहिक सुख।
बृष	: धन वृद्धि सञ्चय।
मिथून	: प्रेम प्रसंग, मित्र सुख।
कंकट	: सुख समृद्धि हुने।
सिंह	: भ्रमण अवसर हुने।
कन्या	: अवसर प्राप्त।
तुला	: वाद विवादबाट बच्नु।
बृश्चिक	: नयाँ कार्य हुने।
धनु	: पुरस्कार प्राप्त लाभ।
मकर	: बौद्धिक क्षमता।
कुम्भ	: प्रतिभा सम्पन्नता।
मीन	: शिक्षामा उन्नति।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।



महत्वपूर्ण टेलिफोन नम्बरहरू

☎☎ जनकपुरधाम ०४१☎☎

बारुण यन्त्र	५२००११
प्रहरी (हण्टीङ्गलाईन)	४२००९९, ४२०२९९, १००
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (हिमालय युवा क्लब)	९८०४८१५१२६
अञ्चल अस्पताल	५२००३३
जनकपुर सिटी हस्पिटल भानुचोक	५२५०१, ५२५८९९
नेपाल शिक्षक संघ (एम्बुलेन्स)	९८०१६४४४५५, ९८५४०२८२९६
जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक	५२५३४१
रक्तसंचार (रेडक्रस)	५२०८७०
ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स)	९८५४०२७४३४
कृष्णा नर्सिङ्गहोम	५२१९१८
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३७
आँखा अस्पताल	५२०३९७
रेडियो टुडे (९१ मेगाहर्ज)	९८०१६२६०२६
एयर पोर्ट	५९००५८, ५९००५२
विद्युत फ्युज शाखा	५९०८३४, ५९०८३५
साह केबुल	५२४७२२
जानकी केबुल	५२३७२८
म्याक्स टीभी	०४१-५९०८९७, ९८०१६६८६५२
नगर सेफ्टी टैंक सफाई सेवा	५२१२६२
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
बुद्ध एयर	५२५०२२
यति एयरलायन्स, शिवचोक	५९०३०१/५९०३०२
होटल मानकी	९८१५८९३५३४, ९८१५८९३३४३
होटल रामा	५२००५९, ५२३८५४
वेलकम होटल	९८०१६२००६५, ९८०१६२००६४
गौतम होटल, बर्दिबास	०४४-५५००३४
जलेश्वर अस्पताल	०४४-५२००७०
प्रहरी (जलेश्वर)	०४४-५२०००९
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	०४४-५२००६६, ५२०१६६

रत्न सागर मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ५:०० बजे
बिहान पूजा आरती	: ८:०० बजे
भोगराज लाग्ने समय	: ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो)	: १२:०० बजे
मन्दिर बन्द हुने समय	: १२:०० बजे
खुल्ने समय (दिउँसो)	: ४००: बजे
रात्री आरती पूजा हुने समय	: ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय	: १०:०० बजे

जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
बिहान पूजा आरती	: ०७:०० बजे
बिहान ढोका बन्द	: १२:०० बजे
अन्न क्षेत्र	: निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय	: ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझा	: ०७:३० बजे

राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय	: ०५:०० बजे
मंगल आरती	: ०७:३० बजे
महाप्रसाद भोग	: १२:०० बजे
दिउँसो ढोका खुल्ने समय	: ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ	: ०७:०० बजे
रात्रि भोग	: ०९:०० बजे
पट बन्द	: ०९:१५ बजे



वीरगञ्जको घण्टाघरनजिकै सडकमा दीपावलीका लागि बिक्रीमा राखिएका माटाका पाला, कलशलगायतका सामग्री बिक्री गरिँदै। पछिल्लो समय झलर र झिलिमिलि बत्तीको कारणले माटाका पालाको प्रयोग कमी हुँदै आइरहेको छ।
तस्बिरः रासस

सरकारको सय दिन :

४८ जना गर्भवती र सुत्केरीको हवाई उद्धार

काठमाण्डु । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले एक सय दिनमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ४८ जना गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरेको छ।

आइतबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री नवलकिशोर सुडीले सय दिनमा गरिएका कार्यसम्पादनका उपलब्धि सार्वजनिक गर्दै जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरीको हवाई उद्धार गरिएको जानकारी दिनुभयो । मन्त्रालयका सचिव दिनेश भट्टराईले राष्ट्रपति महिला सशक्तीकरण परियोजनाअन्तर्गत दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धारमा सरकार सधैँ चनाखो रहेको दाबी गर्नुभयो । उहाँले कहिलेकाहीँ सेनाको हेलिकप्टर नपाउँदा वैकल्पिक व्यवस्था गरेर भए पनि सेवा प्रदान गर्दै आएको बताउनुभयो।

यस्तै, मन्त्रालयले सय दिनभित्र कार्यसम्पादन गरेका उपलब्धिमध्ये प्राकृतिक प्रकोपको विपतमा परेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिलाई मानसिक र शारीरिक राहत प्रदान रहेको मन्त्री सुडीले जानकारी दिनुभयो । उहाँले विपत्पीडित एक हजार एक सय ६५ जनालाई पहिलो चरणको मनोसामाजिक परामर्श सेवा प्रदान गरिनाका साथै, बालबालिका, महिला र अशक्तलाई आवश्यक राहत सामग्री प्रदान गरेको बताउनुभयो।

कुल रु एक अर्ब ६० करोड १३ लाख ४० हजार बजेट रहेको यस मन्त्रालयले नेपालको कुल जनसंखयाको ७७ दशमलव १६ प्रतिशत जनसंख्याको नेतृत्व गर्दै आएको बताउँदै मन्त्री सुडीले ठूलो जिम्मेवारी तर सीमित स्रोतसाधन मन्त्रालयको कार्यसम्पादनको मुख्य चुनौती रहेको बताउनुभयो।

दश स्थानीय तहबाट सडक बालबालिकाको तथ्याङ्क माग गरिएकामा ५६ जनाको तथ्याङ्क आएको र उनीहरुलाई राष्ट्रिय बालअधिकार परिषद्मार्फत उद्धार, पुनर्स्थापनामा प्रक्रिया अघि बढेको, हराएका बालबालिका खोजेर परिवारलाई पुनर्मिलन गराएको, मानव बेचबिखन तथा ओसारपसारपीडित/प्रभावित ७७ महिलाको उद्धार गरिएको लगायत कार्य मन्त्रालयले उपलब्धिका रुपमा लिएको छ ।रासस

सरकार एआईसम्बन्धी नीति निर्माणका क्रममा छ : मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले इन्टेलिजेन्स आर्टिफिसियल (एआई) र रोबर्टजन्य यन्त्रको प्रयोगले नेपालको समृद्धिको यात्रालाई तीव्र गति दिने सम्भावनालाई ध्यानमा राख्दै सरकार यससम्बन्धी नीति निर्माणमा लागिपरेको बताउनुभएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालको आयोजनामा राजधानीमा आइतबारदेखि सुरु भएको एआई र रोबोट प्रविधिसम्बन्धी दुईदिने सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै मन्त्री गुरुङले देशको आर्थिक, औद्योगिक विकासका साथै अनुसन्धान र शिक्षाको उन्नयनमा एआईको असीमित भूमिका हुने समेत बताउनुभयो । एआई र रोबोर्ट प्रविधिको सुरक्षित र प्रभावकारी प्रयोग गर्न सके औद्योगिक क्षेत्रमा उत्पादनको सङ्ख्या, गुणस्तर मात्र बढ्ने नभई नवप्रवर्तनलाई प्रोत्साहन मिल्ने भएकाले सरकारले सार्वजनिक निजी साझेदारीअन्तर्गत अघि बढ्न चाहेको पनि मन्त्री गुरुङले बताउनुभयो।

नेपालले योजनाबद्ध रूपमा सूचना प्रविधिसम्बन्धी विशेष आर्थिक क्षेत्र अघि बढाउँदै सूचना प्रविधिमा क्रान्ति गर्नाका साथै वैदेशिक सूचना प्रविधि कम्पनीहरुलाई उनीहरुको उत्पादनका लागि 'आउट सोर्सिङ' गन्तव्यका रूपमा आकर्षित गर्न खोजेको मन्त्री गुरुङले बताउनुयो। "यसमार्फत हामीले सूचना प्रविधिमा दक्ष जनशक्तिलाई देशभित्रै आकर्षक रोजगारीको सुनिश्चितता गर्न खोजेका हौँ", उहाँले भन्नुभयो।

साथै नेपाललाई सूचना प्रविधिसम्बन्धी लगानीका लागि एउटा आकर्षक गन्तव्यका रुपमा विकास गर्न खोजिएको मन्त्री गुरुङले बताउनुभयो। एआईसहित उच्चस्तरको आइसिटी इकोसिस्टमसम्बन्धी लक्ष्य प्राप्तिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा एआईको प्रयोगसम्बन्धी अवधारणपत्रसमेत तयार पारिसकेको उहाँले उल्लेख गर्नुभयो। सरकारले डिजिटल नेपाल फ्रेम वर्कसम्बन्धी नीतिको परिमार्जन आइटी एवं साइबर सुरक्षा ऐनको तयारीका साथ आवश्यक कानुन नीतिहरुसमेत बनाइरहेको उहाँले बताउनुभयो । राष्ट्रिय साइबर सुरक्षा केन्द्रको स्थापना तथा सामाजिक सञ्जाल सञ्चालन तथा व्यवस्थापन निर्देशिका लागू हुने क्रममा रहेको उहाँले जानकारी दिनुभयो।

मन्त्रालयले डिजिटल नेपाल फ्रेम वर्कको प्रभावकारी कार्यान्वयन गर्दै डिजिटल प्रविधिको सार्वजनिक प्रयोगलाई बढावा दिन खोजिरहेको मन्त्री गुरुङले बताउनुभयो । दिगो विकास लक्ष्य, २०३० को प्राप्तिका लागि सूचना प्रविधि क्षेत्रलाई अघि बढाउन आवश्यक भएको उहाँको धारणा थियो । नेपाललाई सूचनाप्रविधि मैत्री तथा एआई मैत्री देश बनाउनका लागि निजीलगायत सबै क्षेत्रलाई मन, वचन र कर्मका साथ सहकार्य गर्न मन्त्री गुरुङले आह्वान गर्नुभयो।

कार्यक्रममा युरोपेली देशमा रोबर्ट प्रविधि प्रवर्द्धन गरिरहेको संस्था इयू रोबोटिक्सका उपाध्यक्ष प्राध्यापक जुवा रोनिङले एआईको प्रयोग मानव हितका साथै मानवीय मर्यादा कायम रहनेगरी गर्नुपर्नेमा जोड दिँदै नीतिनियमबाट निर्देशित एआई प्रयोग हुनुपर्ने बताउनुभयो।

"आजको समग्र चिन्ता नै एआईको प्रभावकारी, सर्वस्वीकार्य तथा सुरक्षित प्रयोग कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने हो", उहाँले भन्नुभयो।

अबुधावीस्थित खलिफा विश्वद्यालयका प्राध्यापक डा जे एम मनिन्द्र दियासले कृषि, स्वास्थ्यसहितका विकासका विभिन्न विधामा एआईको प्रयोगले चामत्कारिक नतिजा दिएको उदाहरणहरु प्रस्तुत गर्नुभएको थियो । सोमबारसम्म चल्ने सेमिनारमा एआई र रोबोर्ट यन्त्रको विकासमा विभिन्न क्षेत्रका भूमिका तथा आगामी बाटोबारे छलफल हुने आयोजक संस्था राष्ट्रिय युवा सङ्घ नेपालले जानकारी दिएको छ ।रासस

एआईले के मानिसजस्तै सोच्न सक्छ ?

काठमाण्डु । कृत्रिम बुद्धिमत्ता (एआई) भनेको कम्प्युटरले मानिसजस्तै सोच्न र काम गर्न सिकेको प्रविधि हो। यसले जटिल समस्या समाधान गर्न र दैनिक जीवनका कामहरू सजिलै गर्न मानिसलाई सहयोग पुऱ्याउँछ । उदाहरणका लागि, फोनमा 'सिरी' वा 'गुगल असिस्टेन्ट' लाई प्रश्न गर्दा तुरुन्तै सही उत्तर दिन्छ, जसले समय बचाउँछ र काम सरल बनाउँछ । एआई प्रणालीहरूले तस्बिरहरू पनि चिन्न सक्छन्, जस्तै गुगल फोटोजले फोटोमा भएका साथीहरूलाई पहिचान गर्न सक्छ । स्वचालित गाडीहरू बिना ड्राइभर आफैँ बाटो फेला पारेर सुरक्षित रूपमा चल्न सक्छन्।

त्यस्तै, नेटफ्लिक्सले हाम्रा हेर्ने बानीअनुसार फिल्म र शोहरू सिफारिस गर्छ, जसले हाम्रो मनोरञ्जन अनुभवलाई अझ रमाइलो बनाउँछ। एआईमार्फत अनलाइन पसलहरूले पनि तपाईंले खोजेका वा मन पराएका सामानहरू सुझाव गर्छन्, जस्तै अमेजनले नयाँ सामान सिफारिस गर्छ । बैंकिङमा एआईले ठगी पत्ता लगाउन मद्दत गर्छ र ग्राहकका प्रश्नहरू तुरुन्तै समाधान गर्न च्याटबोटहरू प्रयोग गरिन्छ। यस्ता सुविधाहरूले हाम्रो जीवनलाई सहज बनाउँछन्, तर यसको सही र सुरक्षित प्रयोगमा ध्यान दिन जरुरी छ।

एआई र मानिसबीचको तुलना गर्दा दुवैको सिकाइमा केही समानता भए पनि गहिरो भिन्नता छन् । मानिसले आफ्ना अनुभव, भावना, र सामाजिक अन्तरक्रियाबाट ज्ञान आर्जन गर्छ । जबकि एआई जस्ता प्रणालीहरूले गणितीय मोडेल र डाटाको आधारमा सिक्छन्। उदाहरणका लागि, बच्चाले बारम्बार अभ्यास गरेर हिँड्न सिक्छ र त्यो प्रयास उसको अनुभवको हिस्सामा रहन्छ । तर, एआईले उपलब्ध डाटाको विश्लेषण गरेर मात्र त्यसको पहिचान गर्छ र त्यसैको आधारमा उत्तर तयार गर्छ। च्याट जिपिटी जस्ता ठूला भाषा मोडेलहरूले पुस्तक, लेख र वेबसाइटहरूमा आधारित सामग्रीबाट ज्ञान सिक्छन् । मानिस र एआई दुबै पृष्ठपोषण (फिडब्याक) र अनुकूलनको माध्यमबाट सिक्दै जान्छन् । विद्यार्थीले शिक्षकबाट पाएको फिडब्याकअनुसार गल्तीहरू सुधार गरेर अर्को परीक्षामा राम्रो गर्ने प्रयास गर्छ। फुटबल खेलाडीले खेलका क्रममा गल्ती गरेपछि कोचको निर्देशनअनुसार आफ्नो खेल सुधार्छ । यस्तै, एआईले पनि प्रयोगकर्ताबाट प्राप्त फिडब्याकको आधारमा आफ्ना जवाफहरू सुधार्छ र नयाँ चुनौतीहरू सामना गर्न अनुकूल हुन्छ । उदाहरणका लागि, च्याट जिपिटीलाई गलत उत्तर दिएर सच्याउँदा, त्यसले फाइन-ट्यूनिङमार्फत आगामी संवादमा ठीक जवाफ दिन प्रयास गर्छ।

तर, एआई र मानिसबीचको महत्वपूर्ण भिन्नता भनेको भावनात्मक बुझाइको अभाव हो । मानिसहरूले दुःखद् अनुभव र संवेदनशील घटनाबाट शिक्षा लिन्छन्। उदाहरणका लागि, बच्चाले तातो स्टोभ छोएर हात जलाउँछ भने ऊ त्यसबाट सिक्छ र भविष्यमा त्यस्तो गल्ती नगर्न सचेत हुन्छ। बजारमा महँगोमा सामान किनेर घाटा ब्यहोरेपछि व्यक्ति सौदाबाजी (बार्गेनिङ) गर्ने कला सिक्छ र अर्को पटक सस्तोमा किन्न प्रयास गर्छ तर एआईले यस्तो भावनात्मक वा सामाजिक सन्दर्भहरू बुझ्न सक्दैन।

हालको प्रविधिमा एआई लाई मानिस सरह भावनात्मक बुझाइ दिन निकै जटिल चुनौती हो। मानिसको भावना र बुझाइ अनुभव, जैविक प्रक्रिया, र सामाजिक अन्तरक्रियामा आधारित हुन्छ, जुन अहिलेको एआई मा छैन। यद्यपि, वैज्ञानिकहरू र इन्जिनियरहरू 'आर्टिफिसिएल इमोशनल इन्टिलिजेन्स' मा काम गरिरहेका छन्, जसले एआईलाई भावनाहरू अनुकरण गर्न र सामाजिक सन्दर्भहरू बुझ्न सक्षम बनाउन खोज्दैछ। तर, पूर्ण रूपमा मानिसको जस्तै सचेतना र भावना विकास गर्नु गाह्रो छ, किनकी मानिसको भावना केवल तथ्य र नियमहरूमा आधारित हुँदैन, बरु स्मृति, अनुभव, र समाजसँगको अन्तरक्रियाको परिणाम हो।

एआईमा कुनै सचेत अनुभव वा आत्मचेतना हुँदैन, किनकी यसको निर्णयहरू पूर्ण रूपमा तथ्य र गणनामा आधारित हुन्छन् । उदाहरणका लागि, जब मानिस दुःखी हुन्छ, उसको व्यवहारमा परिवर्तन आउँछ र त्यो परिवर्तन अनुभव र सन्दर्भसँग गहिरो रूपमा सम्बन्धित हुन्छ। तर, एआईले केवल डाटामा आधारित अनुमान गरेर प्रतिक्रिया दिन्छ, जसमा वास्तविक भावना हुँदैन। मानिस सरह भावनात्मक बुझाइ विकास गर्न एआईलाई सचेतना दिनुपर्नेछ, जुन अहिलेसम्म सम्भव छैन । मानिसको भावना केवल व्यक्तिगत अनुभवमा आधारित हुँदैन, बरु स्मृतिहरू र समयक्रममा भएका सामाजिक अन्तरक्रियाहरूले पनि आकार दिन्छ। यसैकारण एआईलाई पूर्ण रूपमा मानिससरह बनाउनु चुनौतीपूर्ण मात्र होइन, सम्भवतः असम्भव पनि हुन सक्छ । अन्ततः एआई र मानिसबीचको यो भिन्नता सदैव रहन सक्छ। रासस

सुदूरपश्चिम विश्वविद्यालय र जोनबुक नेसनल युनिभर्सिटीबीच पाँचबुँदे समझदारीपत्र

पाटन । सुदूरपश्चिम विश्वविद्यालय र दक्षिण कोरियाको जोनबुक नेसनल युनिभर्सिटीबीच शैक्षिक कार्यक्रममा सहकार्य गर्ने सम्बन्धको समझदारीपत्र आदानप्रदान गरिएको छ।

ललितपुरमा शुक्रबारदेखि सुरु भएको अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलनका अवसरमा आइतबार सुदूरपश्चिम विश्वविद्यालयमा उपकुलपति प्रा डा हेमराज पन्त र दक्षिण कोरियाको जोनबुक नेसनल युनिभर्सिटीका अध्यक्ष डा ओ बोङ याङबीच हस्ताक्षर भएको हो । हस्ताक्षरसँगै पाँचबुँदे समझदारीपत्र आदानप्रदान गरिएको छ।

शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि दुई विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर गरिएको सुदूरपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा डा पन्तले जानकारी दिनुभयो । जसमझदारीमा विश्वविद्यालयको विषयगत सङ्काय, प्राध्यापक र अनुसन्धानकर्ताहरु आदानप्रदान गर्ने कुरा उल्लेख गरिएको सम्मेलनका संयोजक सहायक प्राध्यापक टङ्क मुखियाले जानकारी गराउनुभयो ।रासस

Invitation for Bids
Madhesh Institute of Health Sciences
Provincial Hospital
Janakpurdham
Invitation for Bids No:MIHS/NCB/GOODS/2081-82/03
Date of publication: 28 Oct. 2024

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital,Janakpurdham invites electronic bids from eligible bidders for the procurement of supply and delivery of Aama Surakshya Karyakram Medicine and Surgical Goods under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. Interested Bidders Shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   Name of the Bank: Rastriya Banijay Bank,Janakpurdham.
   Name of Office : Provincial Hospital, Janakpurdham
   Office Code no. 3700517012
   Office Account no. 1000100200010000
   Rajaswa (revenue) Shirshak no.14229
   Bid Docement Fee : NRs. 5000/-
4. Electronic bids must be submitted to the office Madhesh Institute of Health Sciences,Provincial Hospital, Janakpurdham through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 PM on 27 Nov. 2024. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM On 27 Nov. 2024 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital, Janakpurdham. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 8,30,000/- which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days).
   Bid security deposit in the following bank.
   Name of the Bank: Rastriya Banijay Bank,Janakpurdham.
   Name of Office : Pradesh Lekha Niyantrak Karyalay Madesh Province, Janakpurdham
   Office Account no.1220100202030000
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. The evaluation will be done on unit rate and the contract will be awarded to the bidder offering the lowest price of the individual commodities (Itemwise)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

ओलीको सहारा मधेशी दल

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली वर्तमान राष्ट्रिय राजनीतिमा मधेश र मधेशीलाई दोस्रो दर्जाको नागरिक सरहको व्यवहार गर्ने र अधिकार दिने नचाहने नेतामा गनिन्छन् । मधेश विरोधी उनको चरित्र र व्यवहार मिलेको छ। तर उनी सत्तामा रहँदा आउने संकटमा मधेशी दलहरुले नै साथ दिने गरेका छन् । मधेशीको साथ लिने तर मधेशीलाई दमन गर्ने ओलीले आफ्नो चरित्र सुधार गर्ने एउटा अवसर अहिले आएको छ । उनी प्रधानमन्त्री हुन् । राजनीतिक रुपमा उनी अहिले गम्भीर संकटमा परेका छन् । तर उनले राजनीतिमा जतिलाई धोका दिए अहिले ती दलहरु नै बलियो खम्बा भएर समर्थन गरिरहेका छन् । प्रधानमन्त्री ओलीलाई मधेशी दलहरु जनता समाजवादी पार्टी(जसपा) नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल, जनमत पार्टी नेपालले साथ दिइरहेका छन् । नेपाली कांग्रेसको साथ ओलीलाई प्रधानमन्त्री आलोपालोको शर्तमा छ । तर मधेशी दलहरु मध्ये लोसपाका एकजना वरिष्ठ नेता शरतसिंह भण्डारी मन्त्री छन् । जसपा नेपाल र जनमत संघीय सरकारमा छैन । मधेश प्रदेश सरकारको नेतृत्व जनमत पार्टीले एमालेको सहयोगमा गरिरहेको छ। जसपा नेपाल र लोसपा नेपाल कांग्रेस सभापति शेरबहादुर देउवाको कारण साथ दिइरहेका छन् । ओलीले पटक पटक प्रधानमन्त्री बनाएका माओवादी अध्यक्ष प्रचण्ड अहिले उनका सबै भन्दा ठूलो विरोधी बनेका छन् । सहकारीको रकम अपचलनमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का अध्यक्ष रवि लामिछाने, राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा), एकीकृत समाजवादी (माधव कुमार नेपाल) आम जनता पार्टी(प्रभु साह)लगायतले ओलीलाई असफल बनाउन आन्दोलनमा जाने धम्की समेत दिइसकेका छन् । जसपा नेपाल, जनमत पार्टी र लोसपाले साथ छाडे सरकार अल्पमतमा पर्ने छ । साथ चाहिएको बेला लिने र काम भइसकेपछि बेवास्ता गर्ने प्रवृत्ति ठिक होइन । मधेशी दलहरुले उठाएको मुद्दा देशलाई अहित गर्ने होइन। हरेक नेपालीले राज्यको सबै अंग र निकायमा समान अवसर पाउनु अनुचित होइन । सबै नेपालीले मेरा देश नेपाल भन्न गर्व गर्ने वातावरण बन्नु पर्छ । देशमा राजाले जनभावनाको सम्मान नगरेकै कारण मठमन्दिर चहार्नु परेको छ । भोलीको दिनमा अन्य नेताको पनि त्यो हविगत हुन सक्छ । संविधान संशोधन गरी विभेदकारी धाराहरुको संशोधन गरी सबैलाई समान हकको सुनिश्चितता गर्न आवश्यक छ। तर त्यसको प्रमुख बाधक एमालेका अध्यक्ष ओली हुने गरेका छन् । अहिले पनि राजनीतिक विश्वसनीयता उनले कायम गर्न नसके भविष्यमा फेरि समस्यामा पर्न सक्ने जोखिम रहने छ।

साईबाबा: दक्षिण एसियाको न्यायको लालटिन निभ्यो !

महेश्वर दाहाल

जीवनका केही सम्बन्धहरू त्यस्ता हुन्छन्, जहाँ दुरीले बिछोड मात्र ल्याउँदैन, समय र परिस्थिति अनुकूल नहुँदा संवाद हराउँछ। भेटघाटमा बिराम लाग्छ। तथापि ती सम्बन्धहरूले हृदयमा गहिरो छाप छोडेका हुन्छन्, जुन अन्तिमसम्म पनि भुल्न सकिँदैन ।

भारतीय मानवअधिकारवादी नेता एवं वामपन्थी कवि, दिल्ली विश्वविद्यालयका पूर्व प्राध्यापक ५७ वर्षीय जीएन साईबाबाको असामयिक निधनले मलाई त्यही अनुभूत गराएको छ । हैदराबाद घर भएका साईबाबालाई नक्सालवादीको आरोपमा भारतीय प्रशासनले १० वर्ष लामो कठोर जेलाजीवन भोग्न बाध्य बनायो। र, उपचारका क्रममा उहाँको हैदरावादको निम्स अस्पतालमा हालै निधन भयो ।

जन्मँदै शारीरिक असक्तताले गाँजेको साईबाबालाई पछिल्लो समय मिर्गौला, पित्तथैली तथा मुटु सम्बन्धी गम्भीर रोग थियो । जेलमा रहँदा राम्रो उपचार नपाएकै कारण अल्पायुमै उहाँको निधन भयो। साईबाबालाई सन् २०१४मा नक्सलवादीको आरोपमा पक्राउ गरिएको थियो, तर सरकारले न्यायालयमा आरोपहरू प्रमाणित गर्न सकेन।

जेलबाट रिहा भएपछि साईबाबाले 'आमाको मृत्यु अघि म उहाँलाई अन्तिम पटक भेट्न चाहन्थे तर मलाई त्यसबाट पनि वञ्चित गरियो। म जन्मजात अशक्त भएकाले आमा मलाई अत्यन्तै माया गर्नु हुन्थ्यो।' आमालाई भेट्न नपाएको पिडालाई उहाँले आफ्नो कवितामा यसरी अभिव्यक्त गर्नु भयो। जब तिमी मलाई भेट्न आयौ

मैले काँचको झ्यालबाट
तिम्रो अनुहार देख्न सकिनँ
यदि तिमीले मेरो अशक्त शरीरलाई नियालेर हेरेकी भए
म जिउँदै छु भन्ने पक्कै बुझ्थ्यौ
(मेरा लागि नरुनु आमा !)

साईबाबालाई यस्तो परिस्थितिमा पुऱ्याउन भारतीय सत्ता जिम्मेवार छ। यो प्रणालीले बलात्कारी, हत्यारा र भ्रष्टाचारीलाई जेलबाट मुक्त गर्छ तर न्यायको पक्षमा आवाज उठाउनेलाई यातनाको शिकार बनाउँछ।

साईबाबा सन् २००३ देखि दिल्ली विश्वविद्यालयको रामलाल आनन्द कलेजमा अङ्ग्रेजीका प्राध्यापकका रूपमा आबद्ध हुनुहुन्थ्यो। सन् २०१४ मा माओवादीको आरोपमा प्रहरीले पक्राउ गरेपछि कलेजले उहाँलाई निलम्बन गरी निकाली दियो।

एक समयका मेरा घनिष्ठ मित्र साईबाबासँगको भेटघाट समय क्रममा बन्द भयो र समय-समयमा भई रहने संवाद पनि निरन्तर हुन पाएन । तर, जीवनमा भेटिएका कतिपय मानिस जति नै टाढा हुँदा पनि उनलाई भुल्न नसकिने रहेछ। त्यसैले भौगोलिक रूपमा टाढा हुँदा पनि हामीबिचको आत्मीयता सदैव जीवित रह्यो।

विचार, दर्शन र मानवताप्रति उहाँको अटल विश्वासले मलाई मात्र होइन, हजारौँलाई प्रेरित गरिरहेको थियो र भावी दिनहरूमा पनि लाखौँ मानिसलाई प्रेरित गरिरहनेछ । वास्तवमै साईबाबाको व्यक्तित्व सामान्य थिएन । उहाँसँगको छलफलका क्रममा उहाँसँग कयौँ नयाँ कुरा सिकिरहेको हुन्थे म।

उहाँमा उच्च स्तरको वैचारिक स्पष्टता थियो । शारीरिक कठिनाइका बिच दिल्ली विश्वविद्यालयसम्म पुग्न उहाँले गर्नु भएको सङ्घर्ष अद्वितीय छ। साईबाबाको मृत्युसँगै भारतमा बौद्धिकताको एक युगको अन्त्य भएको छ । भारतमा सत्तासीन दक्षिणपन्थी हिन्दुवादीहरुका कारण डा. एम एम कलबुर्गी, नरेन्द्र दाभोलकर, गोविन्द पानसारे तथा पत्रकार गौरी लंकेश जस्ता बौद्धिकहरूको हत्या भई नै सकेको छ। अरू कयौँ जेलमा बन्द छन् ।

नेपालमा जनयुद्ध चर्कँदै जाँदा त्यसका बाछिटा छिमेकी देश भारतमा पनि पर्न गयो । त्यहाँ नेपालका परिवर्तन समर्थकहरूमाथि दमन सुरु भयो। खास गरी, श्रमिकहरूलाई संगठित गर्ने, माओवादी विचारधारासँग नजिक रहेर जनताको आवाज उठाउनेहरूलाई भारतको निगरानीतन्त्रले अलिक बढी निगरानी गर्न थाल्यो। अखिल भारतीय नेपाली एकता समाज जस्ता संगठनहरू भारतमा प्रतिबन्धित भए।

विशेषगरी लेखक तथा पत्रकारमाथि समेत आक्रमण र दमनको खतरा थप बढ्दै गई रहेको थियो । पत्रकार कृष्ण सेन 'इच्छुक' को हत्या गरिएको थियो । सेनको हत्यापछि राम कार्की, सुरेश आले मगर र म बसेर नेपालमा भई रहेको मानवअधिकारको हनन विरुद्ध सबैसम्म सूचना पुऱ्याउन तथा अन्तर्राष्ट्रिय स्तरमा त्यसमाथि उठी रहेका आवाजहरूलाई सङ्कलन गर्न दिल्ली जाने योजना बनायौँ। साईबाबा त्यति बेला दिल्लीमै सक्रिय हुनुहुन्थ्यो।

दिल्ली पुगेर हामीले पत्रकार आनन्दस्वरूप वर्मा, सामाजिक तथा मानवअधिकारवादी नेता गौतम नवलखा, प्रध्यापक साईबाबासहित २० जना स्थापित बौद्धिक, लेखक, पत्रकारलाई भेट्दै थियौँ कि अचानक एकदिन भारतीय प्रहरीले हामीलाई गिरफ्तार गऱ्यो।

पक्राउ पर्नेमा राम कार्की, कवि निभा शाह, एकता समाजका मोती रिजाल र म थिए। हामीलाई एकदिन हिरासतमा राखेर भोलि पल्ट नेपाल सुपुर्दगी गरियो । त्यसपछि नेपालको परिवर्तनको आन्दोलनले निकै ठुलो धर्षणबिच आफ्नो यात्रा तय गरिरहेको थियो । हामी त्यसै लयमा रुमल्लियौँ र त्यसपछि साईबाबासँगको भेटघाटमा विराम लाग्यो।

वास्तवमा जीवनले कहिलेकाहीँ अनपेक्षित कोलाजहरू निर्माण गर्ने रहेछ । विचार र अनुभवहरू अदृश्य तर बलियो धागोले बाँधिने रहेछ । त्यस्तै एउटा क्षण मेरो जीवनमा पनि आयो, जब मैले जीएन साईबाबालाई भेटेको थिएँ । उहाँको जीवन सङ्घर्ष र विद्रोही चेतनाले सधैँ मलाई आकर्षित गरिरहेको हुन्थ्यो । उहाँलाई भेट्दा जनताको पक्षमा अविचलित रूपमा किन लाग्नु पर्छ भनेर झनै ऊर्जा प्राप्त हुन्थ्यो।

दिल्लीमा साईबाबासँगको घनिष्ठता र निकटता कतिसम्म थियो भने उहाँको घरलाई मैले कहिल्यै अरूको घर ठानिन । उहाँको डेरामा पुग्नासाथ मैले आत्मीयता, वैचारिकता र स्नेह एकै ठाउँमा पाउँथेँ । वैचारिक रूपमा उहाँ जति कठोर हुनुहुन्थ्यो व्यवहारमा उहाँ त्यति सरल र विनम्र हुनुहुन्थ्यो।

साईबाबामा म कृष्ण सेन 'इच्छुक' को झझल्को पाउँथे। नेपालका महान् पत्रकार, कवि र विद्रोही चिन्तक इच्छुकले आफ्नो लेखनीमार्फत दमनको प्रतिवाद गर्दै जनताको आवाजलाई मुखरित गरिरहनु भएको थियो । उहाँ दमन र उत्पीडनको विरुद्ध निरङ्कुश पञ्चायती व्यवस्थादेखि नै उभिनु भएको थियो।

त्यस्तै साईबाबा पनि भारतीय सत्ताले आदिवासी क्षेत्रहरुमा लादेको दमन र हत्याकाण्ड विरुद्ध उभिनु भएको थियो । राज्यसत्ताको दमन विरुद्ध लड्न दुबैले कलमलाई आफ्नो सशक्त हतियार बनाउनु भएको थियो।

इच्छुकको जीवन र संघर्षले जस्तै, साईबाबाको जीवनले पनि मलाई सधैँ प्रेरित गरिरह्यो। उहाँ दुबैमा समान वैचारिक स्तर थियो। त्यसैले इच्छुकको हत्याको खबरले मलाई जति स्तब्ध बनायो, ठ्याक्कै त्यति नै साईबाबाको अस्वाभाविक निधनको समाचारले मलाई स्तब्ध बनाई दियो।

जनताको पक्षमा आवाज उठाई रहने जनपक्षीयताको रातो लालटिनलाई भारतीय सत्ताले सधैँका लागि निभाई दियो। साईबाबा दक्षिण एसियाको परिवर्तन र न्यायको आन्दोलनको एउटा सशक्त विम्ब थिए। सत्ताले साईबाबाको जीवनको दियोलाई निभाए पनि उनको वैचारिकताको बिउँबाट भारतसहित दक्षिण एसियामा लाखौँ साईबाबा अङ्कुरित हुने निश्चित छ।

त्यसैले म आफ्नो यात्रा र संघर्षमा उहाँहरूको वैचारिक दृढतालाई स्मरण गरिरहन चाहन्छु।

नेपालको परिवर्तनको आन्दोलनलाई सहयोग गर्ने तथा संसारभरका उत्पीडितहरूको आवाज मुखरित गर्ने कयौँ जिउँदा आवाजहरू अझै भारतीय जेलमा थुनिएका छन् । साईबाबालाई स्मरण गर्ने क्रममा म ती सम्पूर्ण न्यायका पक्षमा उभिनु भएका अग्रजहरू, साथीहरूलाई ऐक्यबद्धतासहित सम्झन चाहन्छु।

'मलाई आशा छ- तपाईँहरू कसैमा मप्रति दया जाग्ने छैन। मलाई दयाको खाँचो छैन, म त ऐक्यबद्धता चाहन्छु।' भन्ने साईबाबाको कथनलाई स्मरण गर्दै म तपाईंहरुप्रति नेपालबाट ऐक्यबद्धता जनाउन चाहन्छु। तपाईंहरुको दुःखमा हामी सबै साथ छौँ भन्न चाहन्छु।

अँध्यारो कालरात्रि सकिनेछ र उज्यालोमा तपाईं-हामीसँगै, फेरी जनताका आवाज बोकेर एकै ठाउँमा हुनेछौँ।अन्तिममा म साईबाबाको परिवारसमक्ष उच्च सम्मानसहित दुःख व्यक्त गर्दै, साईबाबाप्रति हार्दिक श्रद्धाञ्जली र लाल सलाम अर्पण गर्न चाहन्छु।रातोपाटी

गणतन्त्र र एमालेलाई गिज्याइरहेको दान



विशाल खड्का

'यदि कुनै देशमा भ्रष्टाचार मुक्त र सुन्दर मस्तिष्कले काम गर्न पाउने हो भने समाजका तीन सदस्यले नै राज्यमा कायापलट ल्याउन सक्छन्। ती हुन- बुवा, आमा र गुरु !'

यी वाक्य हुन्- भारतका पूर्व राष्ट्रपति तथा प्रसिद्ध वैज्ञानिक एपीजे अब्दुल कलामका। आफ्नो सादगीपूर्ण जीवनमा विज्ञान र राजनीति दुबैलाई नजिकबाट नियालेका कलामका शब्दले नेपाल र नेपालीसँग मिल्दोजुल्दो दक्षिण एसियाली समाजमा व्याप्त भ्रष्टाचारको आहतबिच सुन्दर कल्पना प्रस्तुत गरेका हुन्।

सत्ताधारी पार्टी नेकपा (एमाले) ले व्यापारी मीनबहादुर गुरुङसँग पार्टी कार्यालय निर्माणका लागि जग्गा दानमा लिने भएपछि चौतर्फी त्यसको आलोचना हुन थालेको छ। कतिसम्म भने उनकै पार्टीका नेताहरूले विवादित व्यापारीको जग्गाले पार्टीका कार्यकर्ता तथा एमालेलाई मत दिने मतदाताको अपमान भएको बताएका छन्।

तर, एमाले अध्यक्ष तथा देशकै प्रधानमन्त्री केपी शर्मा ओलीले आलोचनालाई सम्बोधन गर्नुको सट्टा एमाले पङ्क्तिबाट आलोचना गर्नेलाई स्पष्टीकरण सोधेका छन् भने पार्टी बाहिरबाट आलोचना गर्नेलाई एमालेको चिन्ता नगर्न सुझाव दिई पठाएका छन्।

के एमाले अध्यक्ष तथा देशकै प्रधानमन्त्रीले गरेको यो काम सामान्य हो ? ध्यानै दिनै नपर्ने खालको हो ? वा यो विषय चर्चा योग्य पनि छैन ? २१औँ शताब्दीको तेस्रो दशकमा समेत हामी शासकका यस्तै निकृष्ट कृत्यबाट शासित छौँ।

उनी ती प्रधानमन्त्री हुन, जसले कोभिडको बेलामा आम नागरिक ज्यान जोगाउन सङ्घर्ष गरिरहँदा उनी आफू निकटका व्यापारिक घरानालाई पोस्न भ्रष्टाचारलाई संस्थागत बनाउँदै थिए। त्यसलाई नेपाली जनताले ओम्नी काण्डका रूपमा चिन्छन्। ललिता निवास जग्गा काण्डमा मुछिएका आफ्नै पार्टीका महासचिवलाई जोगाउमा हरघडी प्रयत्नरत रहे। उनी गिरीबन्धु टि-स्टेट भ्रष्टाचारमा प्रत्यक्ष जोडिए। उनी ती प्रधानमन्त्री हुन, जसले दोस्रो पटक प्रधानमन्त्री बनेपछि २६ अर्ब राज्यलाई बक्यौता तिर्नु पर्ने व्यापारीलाई बालुवाटार बोलाएर तिर्नु नपर्ने आश्वासन दिएर पठाए।

आउनुस् देशभरबाट सत्तापक्षले गर्दै गरेको संस्थागत भ्रष्टाचारका विरुद्ध सँग-सँगै आवाज उठाऊँ। भ्रष्टाचार मुक्त समाज र राजनीतिको परिकल्पना गरौँ।

यति नै बेला जब उनी पार्टी कार्यालयका लागि लिएको जग्गा विवादमा तानिएका छन्। यति नै बेला पनि काठमाडौँसहित देशभरका जनता बाढीबाट पीडित बनेर आकाशलाई छानो मानेर नेभारेको पात टाउकोमाथि राखेर निदाउने प्रयत्न गर्दै थिए। एमाले पार्टी कार्यालयबाट झन्डै पाँच किलोमिटर पर टिनको छानोमाथि उभिएर देशका नागरिक ज्यान जोगाउन हारगुहार गर्दै थिए देशका प्रधानमन्त्री राहत तथा उद्धारमा ध्यान दिनुको सट्टा बालुवाटारमा भ्रष्टाचारको अभियोगमा जेल यात्रा गरेर आई सकेका मीनबहादुरसँग बालुवाटारमा आफ्नो नाममा आउने जग्गाबारे छलफल गरिरहेका थिए। जति बेला मनोहरा र थापाथली वरपरका जनता बाढीले त्राहिमाम् बनेर आफ्नो ज्यान जोगाई दिन प्रधानमन्त्रीतर्फ आशापूर्ण नजरले हेर्दा थिए उनी आफ्नो पार्टी कार्यालयलाई बाढीले कति क्षति पुऱ्यायो भनेर जायजा दिन च्यासल पुगेका थिए।

के केपी शर्मा ओली एमाले र मीनबहादुर गुरुङका मात्रै प्रधानमन्त्री हुन ? के देशैभरि बाढी पहिरोले ज्यान गुमाउँदै गरेका नागरिकको भन्दा उनको पार्टी कार्यालयको क्षतिको मूल्य बढी हो ? पक्कै पनि होइन। तर, जण्ड, अहङ्कारी र स्वाँठ मान्छे राज्यको जतिसुकै ठुलो र जिम्मेवार पदमा पुगे पनि उ आफ्नो वास्तविक चरित्र कहिल्यै परित्याग गर्न सक्दैन । दुःखद त्यस्तै व्यक्ति देशका प्रधानमन्त्री बन्न पुगेको छ। र, हामीले यस विरुद्ध आफ्नो आवाजलाई थप सशक्त र दरिलो बनाउनु परेको छ।

यस्ता व्यक्ति जतिन्जेलसम्म राज्यसत्ताको कुर्सीमा विराजमान हुन्छन्, उनले त्यति नै राज्यको संस्थागत दोहन गरिरहन्छन् । त्यसैले नेकपा (माओवादी केन्द्र) ले आज भ्रष्टाचारको मियोलाई नै प्रहार गर्न, भ्रष्टाचारलाई संस्थागत बनाउने कृत्यका विरुद्ध खबरदारी सभा आयोजना गरेको छ । देशैभर रहनु भएका आम नेपाली जनतालाई भ्रष्टाचार विरुद्धको नेपाल बनाउने खबरदारी सभामा जोडिन आह्वान गर्न चाहन्छौँ। ००७, ०४६, जनयुद्ध र ०६२/०६३ सालको आन्दोलनसम्म धेरै नेपाली वीर सपुतहरूले आफ्नो प्राणको आहुति दिएर देशलाई गणतन्त्रसम्म ल्याई पुऱ्याएका हुन्। गणतन्त्र र एमालेलाई नै गिज्याई रहेको मीनबहादुरको जग्गा दान कुनै दान नभएर देशको सबै भन्दा भ्रष्ट व्यक्तिले राज्यलाई तिर्न बाँकी रहेको डेढ अर्ब बराबरको करको रकमबाट जोगिनका लागि एमालेलाई खरिद गरिएको दृष्टान्त हो। अब भावी दिनमा एमाले अध्यक्ष मात्रै होइन सिङ्गो एमाले पङ्क्तिले नै मीनबहादुरको भ्रष्टाचारको रक्षा, बचाउ र समर्थन गर्नुपर्ने हुन्छ।

अब भावी दिनमा एमाले अध्यक्ष मात्रै होइन सिङ्गो एमाले पङ्क्तिले नै मीनबहादुरको भ्रष्टाचारको रक्षा, बचाउ र समर्थन गर्नुपर्ने हुन्छ।

कवि प्रोल्लास सिन्धुलियको कवितामा उल्लेख गरेजस्तै 'गाउँको वृद्धालय' मा उदास र निराश छन् वृद्ध आमाबुबा। गुरुहरू विद्यार्थी विहीन विद्यालयका ढोकामा उभिएर सूर्यास्तको प्रतीक्षा गरिरहेका छन् । र, नानीहरू नागरिकता बनाउने उमेर पुग्नासाथ पासपोर्ट बोकेर मरुभूमिमा हरियाली उमार्न लाइन लाग्न थालेका छन्। हरेक पुस्ताको त्याग र समर्पणले बोकी ल्याएको परिवर्तनप्रति आकर्षण पैदा हुन छोडेको छ। अखबारका पानाहरू सत्तारुढ दलले दिनदहाडै खुल्लमखुल्ला भ्रष्टाचार गरेका खबरले भरिएका छन्। यी सबैका पछाडि एमालेले हुर्काएको भ्रष्टाचारको विष वृक्ष नामक दुष्कर रोग छ।

मुलुकको कुल ऋण २४ खर्बभन्दा माथि पुगेको छ । राजस्वले चालु खर्च धान्न नसकेर ऋणमार्फत तलब खुवाउनुपर्ने अवस्था आएको दुई वर्ष पुगी सक्यो। बजेटको आकार प्रत्येक वर्ष बढे जस्तो देखिएता पनि पुँजीगत खर्च घटिरहेको छ। पुँजीगत खर्चलाई वित्तीय व्यवस्थापनको खर्चले यसै वर्षको बजेटले जितिसकेको छ। निर्माणाधीन परियोजनाका ठेकेदारले भुक्तानी नपाएर आन्दोलनरत छन् । यी सबैलाई नियन्त्रण गर्नुपर्ने राजनीतिलाई सत्तारुढ दलहरूले नै झनै फैलाउनका लागि मलजल गरिरहेका छन्।

मानौँ सत्ता भनेको भ्रष्टाचार गर्नैका लागि सृजना भएको हो । त्यसैले पछिल्ला केही वर्षहरूमा भन्दा पछिल्ला केही महिनामै नेपाली राजनीतिको कुरूप तस्बिर सबैले झनै स्पष्ट हुने गरी देखिरहेका छन्। आम नागरिकका आकाङ्क्षामाथि भद्दा मजाक गरिरहेको छ सत्तापक्ष। त्यसैका लागि पनि सचेत नागरिकको तर्फबाट खबरदारी सभा गर्नु अपरिहार्य बन्दै गएको छ।

आउनुस् देशभरबाट सत्तापक्षले गर्दै गरेको संस्थागत भ्रष्टाचारको विरुद्धमा सँग-सँगै आवाज उठाऊँ। भ्रष्टाचार मुक्त समाज र राजनीतिको परिकल्पना गरौँ।

आधारभूत औषधि कम मूल्यमा उपलब्ध गराउन सरकार तयार छः स्वास्थ्यमन्त्री

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले नागरिकलाई आधारभूत औषधि कम मूल्यमा उपलब्ध गराउन सरकार तयार रहेको बताउनुभएको छ।

औषधिको उचित मूल्य तथा गुणस्तरवृद्धिका लागि सुझाव दिन गठित समितिका पदाधिकारीसँग मन्त्रालयमा आइतबार भएको छलफलमा मन्त्री पौडेलले आमउपभोक्तालाई उचित मूल्यमा कसरी औषधि वितरण गर्न सकिन्छ सोसम्बन्धी अध्ययन गरी आवश्यक सुझाव दिन समितिका पदाधिकारीलाई आग्रह गर्नुभयो। उहाँले औषधिको मूल्य लामो समयदेखि समायोजन नभए पनि अहिले मूल्यवृद्धि गर्नेपर्ने अवस्था नभएको उल्लेख गर्नुभयो।

"ग्यास र तेलको मूल्य बढ्यो भनेर औषधिको पनि बढाउनुपर्छ भन्ने होइन। औषधि नागरिकको जीवनसँग जोडिएको विषय भएकाले सरकारले मूल्य समायोजना गर्न खोजेको हो", मन्त्री पौडेलले भन्नुभयो, "नागरिकलाई सकेसम्म सस्तो मूल्यमा औषधि उपलब्ध गराउने गरी मूल्य समायोजन हुनेछ। यसका लागि सरकार थप दायित्व निर्वाह गर्न तयार छ।"

औषधिको मूल्यसूचीबारे आफूले जानकारी राखेको भन्दै मन्त्री पौडेलले उत्पादन र बिक्री सूचीमा केही मात्रामा मूल्य घटाउन सकिने धारणा राख्नुभयो। उहाँले मूल्य समायोजना गर्दा पनि व्यवसायीले मुनाफा राखेर अहिलेको भन्दा कम मूल्यमा अत्यावश्यक औषधि बिक्री गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो।

"उत्पादक, बिक्रेताले कानुनभित्र रहेर तोकिएको मापदण्ड अनुसार मुनाफा लिनुपर्छ। यसले आमउपभोक्तालाई पनि सहज हुनेछ र केही पनि मर्कामा पर्ने छैनन्", मन्त्री पौडेलले भन्नुभयो। अध्धयन गर्न गठित समितिले मूल्य समायोजन, गुणस्तर, व्यावसायिकता र अन्य व्यावहारिक पक्षलाई पनि समेटेर प्रतिवेदन तयार पार्नुपर्नेमा उहाँले जोड दिनुभयो। स्वास्थ्यमन्त्री पौडेलले औषधि खर्चका कारण नागरिक गरिबीको रेखामा पर्न नहुने धारणा राख्दै वैज्ञानिक र तथ्यपरक हिसाबले मूल्य समायोजनमार्फत समस्या समाधानको विकल्प निकाल्ने गरी सुझाव आउने अपेक्षा व्यक्त गर्नुभयो।

"सरकारी तथ्याङ्कले करिब पाँच लाख नागरिक औषधि खर्चका कारण गरिबीमा परेका छन् भन्ने देखाउँछ", उहाँले भन्नुभयो, "समितिले औषधिको मूल्यका विषयमा तथ्यपरक र वैज्ञानिक अनुसन्धानबाट समायोजनाको ढाँचा बनाएर सबैलाई सकारात्मक प्रभाव पार्ने गरी सुझाव दिनुपर्छ, यसलाई मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्नेछ।"

गत बिहीबार सरकारको एकसय दिनको प्रगति सार्वजनिक गर्ने क्रममा मन्त्री पौडेलले औषधिको मूल्य घट्नेगरी समायोजन हुने घोषणा गर्नुभएको थियो। त्यसको दुईदिनअघि गत मङ्गलबार मन्त्रिस्तरीय निर्णय गर्दै मन्त्री पौडेलले अर्थविद् डा पोषराज पाण्डेको संयोजकत्वमा सात सदस्यीय सुझाव समिति गठन गर्नुभएको स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पौडेलको सचिवालयले जनाएको छ।रासस

सत्ता सौदाबाजीका लागि राष्ट्रियताका हितमा कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता सौदाबाजीका लागि राष्ट्र र राष्ट्रियताका पक्षमा प्रश्न उठ्नेगरी कुनै सम्झौता नगरिने स्पष्ट गर्नुभएको छ।

नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनद्वारा आइतबार आयोजित 'राष्ट्रिय सुरक्षा र विकासमा पूर्व सुरक्षाकर्मीहरुको भूमिका' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले राष्ट्रियताका सवाललाई ध्यान दिएर भारतको नाकाबन्दी भएका बेला चीनसँग व्यापार र पारवहन सम्झौता गरिएको स्मरण गर्नुभयो।

"अहिले अनेक नाममा राष्ट्रिय सुरक्षाको किल्लामा हमला गर्न खोजिएको छ। अरुको हितमा असर नपार्ने र आफ्नो जायज हित नछाड्ने सङ्कल्पका साथ हामी अघि बढ्का छौँ। सरकार प्राप्त गर्न वा सरकार टिकाउन राष्ट्र र राष्ट्रियताका विषयमा कुनै सौदाबाजी गर्नेजस्ता घिनलाग्दा काम हामीबाट हुनसक्दैन।" प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसअघि नाकाबन्दीको सामना गर्दा सरकारबाट बाहिर पुग्यौँ होला तर कुनै छलछाम नगरी जस्केलाबाट नभई निर्वाचनका माध्यमबाट सत्तामा आउँछौँ भनेका थियौँ र आयौँ पनि। दुई ठूला राजनीतिक दल एमाले र नेपाली कांग्रेससहितको वर्तमान सरकार राष्ट्रिय एकताको भावनाको रक्षा र देशको हितका लागि पूर्ण कटिबद्ध भएर काम गरिरहेका छ।"

हतियार बिसाएका मात्रै हौँ भनेर दिइने धम्कीप्रति लक्षित गर्दै प्रधानमन्त्री ओलीले माटामुनी लुकाइएका खिया लागेका हतियारले अब काम नगर्ने भन्दै नेपाली समाजलाई झुठो प्रचार गरेर धम्की नदिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुभयो।आफूलाई अलोकप्रिय भएको भनेर टिप्पणी गर्नेहरुलाई जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "भाडामा ल्याइएकाहरुले केपी ओलीको साख घट्यो भन्न सक्छन्, सचेत जनतालाई थाहा छ कि हामी कति लोकप्रिय छौँ भन्ने। ओलीको साख घटेको भन्नेहरुले २०८४ को निर्वाचनसम्म कुर्नुपर्ला, त्यसपछि परिणाम थाहाहोला।"

लोकतन्त्र भनेको छाडातन्त्र नभएको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल लडेर बनेको र लडेर बचाएको राष्ट्र भएकाले सिंहदरबार वा बालुवाटार कब्जा गर्छौं, चुट्छौं, मार्छौं, काट्छौं भन्नु छाडातन्त्र हो, प्रजातान्त्रिक शासन व्यवस्थामा त्यस्ता क्रियाकलाप सैह्य हुँदैनन्।"

उहाँले राष्ट्रका लागि आवश्यक परे पूर्व सुरक्षाकर्मी एकता र अनुशासनका साथ खट्नुपर्ने र नयाँ पुस्तालाई प्रेरणा दिनुपर्ने बताउनुभयो। सामाजिक सञ्जालमा जथाभावि प्रस्तुत हुनेहरुलाई उत्तरदायी बनाउने बाटोमा वर्तमान सरकार रहेको उहाँले स्पष्ट गर्नुभयो।

सहकारी अपचलनबारे संसदीय समितिको प्रतिवेदनलाई कानुनअनुसार सरकारले कार्यान्वयन गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अनुसन्धानका क्रममा रहेका व्यक्तिका पक्षमा अदालत परिसरमै उफ्रीउफ्री कराउनु लोकतान्त्रिक मूल्यमान्यताविपरीत भएको टिप्पणी गर्नुभयो। उहँले आफूले कसैप्रति पूर्वाग्रह नराख्ने र न्यायिक निरुपणबाट हुने निष्कर्षलाई सबैले मान्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबाट अवकाशप्राप्त उच्च अधिकृतहरूले राष्ट्रिय सुरक्षा र पूर्व सुरक्षाकर्मीको भूमिकाबारे विचार प्रस्तुत गर्नुभएको थियो।रासस

गैरआवासीय नेपाली दिवसः एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव छः प्रधानमन्त्री ओली

NRN DAY CELEBRATION
ANNUAL GENERAL MEETING
&
GLOBAL CONCLAVE 2024
Inauguration Ceremony of NRN Day Celebration, Global Conclave and AGM 2024

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले विकासका लागि पूर्वाधार तयार भइसकेकाले सबै एकजुट भएर काम गरेमा नेपालको विकास सम्भव हुने बताउनुभएको छ।

गैरआवासीय नेपाल सङ्घ (एआरएन) द्वारा आइतबार आयोजत गैरआवासीय नेपाली दिवस र वार्षिक साधारणभाको उद्घाटन सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले प्रविधि र उपकरण बढ्दो भएकाले विकास गर्न नसकिने भन्ने नहुने बताउनुभएको हो। "नेपालमा विकासका लागि बाटाघाटा र आवश्यक पूर्वाधार बनिसकेका छन्। अहिले दुर्गम भन्ने कुनै जिल्ला र भूभाग छैन। सबै मिलेर काम गरेमा मुलुकलाई समृद्ध बनाउन सकिन्छ", उहाँले भन्नुभयो।

गैरआवासीय नेपाली सङ्घको छविलाई कायम राखी सङ्गठनलाई एकताबद्ध राख्दै साझा हितका लागि काम अनुरोध गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "सरकारका तर्फबाट सङ्घलाई कुनै हस्तक्षेप हुँदैन, निष्पक्ष भई स्वतन्त्र रुपमा काम गर्नुहोस, सहयोग गर्न सरकार तयार छ।"उहाँले भन्नुभयो, "म अहिले प्रधानमन्त्री छु, म देशको प्रधानमन्त्री हो। एमालेको मात्रै प्रधानमन्त्री होइन। राष्ट्रपति पनि त्यही हो, राष्ट्रपति दल विशेषको हुँदैन, राष्ट्रको प्रमुख हुन्छ। त्यसैगरी सभामुख, प्रधानन्यायाधीशजस्ता पद साझा हुन्। हामीले त्यस हैसियतले काम गर्ने हो।"

आफू सन् १९९९ मा मस्को जाँदा डा उपेन्द्र महतोसँग गैरआवासीय नेपाली अभियानबारे कुरा भएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले एनआरएनलाई पहिचान र आवश्यक सुविधा दिन कुनै कञ्जुस्याइँ नगर्ने स्पष्ट गर्नुभयो।प्रधानमन्त्री ओलीले जिम्मेवार नेताबाट हतियार नचलाए पनि कसरी बिसाउनुपर्छ भन्ने जानेकाले 'हतियार बिसाएका मात्रै हौँ' भनी धम्कीपूर्ण भाषा प्रयोग हुनथाल्नु देश र जनताका लागि दुःखद् भएको प्रसङ्ग उल्लेख गर्नुभयो।रासस

गैरआवासीय नेपाली अवैतनिक राजदूत हुन् : गृहमन्त्री लेखक

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले गैरआवासीय नेपालीले नेपालको राष्ट्रियता बलियो बनाएको बताउनुभएको छ।गैरआवासीय नेपाली दिवस तथा वार्षिक साधारणसभाका अवसरमा आइतबार आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले गैरआवासीय नेपाली नेपालका अवैतनिक राजदूत भएको बताउनुभयो।

"नेपालका लागि केही गर्ने उद्देश्य राख्नुभएको छ। जुन देशको नागरिक भए पनि नेपाली हुँ भनिराख्नुभएको छ", उहाँले भन्नुभयो, "अवैतनिक राजदूतका रुपमा विश्वमाझ नेपाललाई चिनाउँदै नेपालको राष्ट्रियता थप बलियो बनाउनुका साथै आर्थिक उन्नतिमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ, तपाईंहरु सबै धन्यवादको पात्र हुनुहुन्छ।"

उहाँले गैरआवासीय नेपालीको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बोधन गर्नेगरी कानुन संशोधनको तयारीमा सरकार रहेको जानकारी दिनुभयो। कानुन संशोधनका लागि गृहकार्य भइरहेकाले सुझावको अपेक्षा गरका छौँ भन्दै गृहमन्त्री लेखकले लोकतन्त्र र विधिको शासनसहित समुन्नत नेपालका पक्षमा उभिन गैरआवासीय नेपाली समुदायसँग अनुरोध गर्नुभयो।

गैरआवासीय नेपाली सङ्घ (एआरएनए)का अध्यक्ष डा बद्री केसीले लगानीमैत्री वातावरण भए गैरआवासीय नेपाली नेपालमा लगानी गर्न उत्सुक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "मातृभूमि नेपालमा रु एक खर्ब लगानी गरिसकेका गैरआवासीय नेपालीलाई नागरिकता उपलब्ध गराएर लगानीका वातावरण सहज गरिदिन अनुरोध गर्दछौँ।"

गैरआवासीय नेपाली सङ्घमा पछिल्लो समयमा विवाद सिर्जना भई विभिन्न समूहहरू सक्रिय रहेको भन्ने सन्दर्भमा उहाँले भन्नुभयो, "आफूहरू सदैव एकताको पक्षमा रहेकाले अझ गतिशील र प्रभावकारी एनआरएनका पक्षमा साथ दिन एनआरएन दिवसका उपलक्ष्यमा सबैसँग अनुरोध गर्दछु। आपसी सहयोग, सहकार्य र समन्वयसहित एकताबद्ध एआरएन र समुन्नत नेपालका पक्षमा एकजुट हौँ। रासस

काटिएको लाइन जडान गर्न ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह

काठमाण्डु । उद्योगी, व्यवसायीले नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन काटेकोप्रति दुःख जनाउँदै काटिएको लाइन तत्काल जडान गरी सहज रुपमा व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह गरेका छन्।

उद्योगी व्यवसायीले आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई संयुक्त रुपमा भेटेर प्राधिकरणले काटेको लाइन तत्काल जडान गर्न पहल गर्नुपर्ने माग गरेका हुन्।

भेटका क्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष एवं उद्योगी पशुपति मुरारकाले विद्युत् प्राधिकरणले पटकपटक विद्युत् लाइन काटेर उद्योगीमाथि अन्याय गरेको बताउनुभयो। उहाँले प्राधिकरणले विद्युत् महसुलसम्बन्धी प्रमाण दिए आफूहरुले शुल्क तिर्ने उल्लेख गर्नुभयो।

ऊर्जामन्त्री खड्काले उद्योगमा विद्युत् कटौती भएको विषयमा ऊर्जा मन्त्रालय, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरणलगायत सरोकार भएका निकायसँग छलफल गरी यथाशीघ्र समस्या समाधानको पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले उद्योगीले प्रयोग गरेको लाइनबापतको रकम तिर्नुपर्ने भन्दै प्राधिकरणले पनि लाइन काट्न नहुने धारणा राख्नुभयो।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत्को बारेमा लाल आयोगले अध्ययन गरिसकेकाले उक्त आयोगको प्रतिवेदनलाई कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो। रासस

भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा

हक दाबि सम्बन्धी २१ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा जनकपुर उ.म.न.पा वडा नं ४ बस्ने नारायण दासको नाती नरसिंह दासको छोरा नथुनी लाल दासको नाउँमा दर्ता कायम रहेको जिल्ला धनुषा जनकपुर न.पा. वडा नं २ सिट नं १३५६२१ कि.नं १२६ क्षेत्रफल ०-१-१६-२ जग्गाको मोठ श्रेष्ता खोज तलास गर्दा फेला नपरेको र कम्प्युटर फाँटमा श्रेष्ता स्केनमा खोजतलास गर्दा उक्त पाना समेत फेला नपरेको भनी यस कार्यालयको मोठ रोक्का भिडान भै आएको हुदाँ निवेदकले श्रेष्ता कायम गरी पाँउ भन्ने समेत व्यहोरा खुलाई यस कार्यालयमा पेश गरेको दर्ता नं.१०५९ मिति २०८०/०४/२० को निवेदन माग दावि।

यसमा निवेदकको माग दाबी अनुसारको जग्गाको श्रेष्ता कायम कार्यान्वयनको लागी स्थलगत सर्जमिन गर्दा केही उनाउ व्यक्तिहरुले संकेतिक रुपमा समेत विवाद जनाएको हुदाँ निवेदकको नाउँमा श्रेष्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यी निवेदकहरू बाहेक अन्य कोही व्यक्तिको हकदाबी पुग्ने भएको भए यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र आफुसंग भएको सबुत्त प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको दावि उजुरी गर्न यस कार्यालयमा आउनु होला। सुचनाको म्याद भित्र दाबी उजूरी नपरी म्याद समाप्त भएमा कानुन बमोजिम भई जाने व्यहोरा यसै सुचनावाट सबैमा सुचित गरिएको छ।

तपसिल

जिल्ला	न.पा	वडा नं	सिट नं	कि.नं	क्षे.फ
धनुषा	जनकपुर	२	१३५६२१	१२६	०-१-१६-२

मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गौर, रौतहट

सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम संचालन सम्वन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/१२

यस कृषि ज्ञान केन्द्र रौतहटको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम अन्तर्गत बढीमा ४ ईन्च सम्मको व्यासको स्यालो ट्यूववेल/मोटर लगायतका समाग्रीहरु ८५% अनुदानमा वितरण गर्न रौतहट जिल्ला भित्रका ईच्छुक कृषक/ कृषक परिवार / कृषि सहकारी / कृषि उत्पादनमा संलग्न निजी फर्म / उद्यमिहरुले यो सूचना प्रकाशित भएको मितिले २१ औ दिन (२०८१/०८/०२ गते) सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तोकिएको ढाँचामा खामबन्दी प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

१. रु. १० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन।
२. आवेदक (व्यक्तिको हकमा) नागरिकता प्रमाण पत्रको फोटोकोपी र स्थायी लेखा नम्वरको फोटोकोपी।
३. आवेदक कृषि सहकारी / कृषि उत्पादनमा संलग्न निजी फर्म / उद्यमिहरुको हकमा दर्ता नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि तथा स्थायी लेखा नम्बर (PAN) लिएको प्रमाण पत्रको फोटोकोपी र आ.व २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको फोटोकोपी र आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणीको निर्णयको फोटोकोपी।
४. कृषक/ कृषक परिवारको हकमा २ विघा जग्गाको प्रमाण पुर्जा तथा कृषि सहकारी / निजि फार्म / उद्यमीहरूको हकमा ४ विघा जग्गा तथा स्यालो ट्यूबवेल जडान सम्भाब्य नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ५ परिवार र ४ विघा जग्गा प्रमाण पुर्जा पेश गर्नु पर्ने छ।
५. माग गरेको स्यालो ट्यूवेल जडान हुने जग्गाको जग्गा धनी प्रमाण पत्र (सो नभए भोगाधिकार प्रमाणपत्र) को फोटोकोपी वा लिजमा लिएको जग्गाको हकमा लाल पूँर्जा र जग्गा धनीको मञ्जुरीनामा समेत।
६. कृषि सहकारी/कृषि उत्पादनमा संलग्न निजी फर्म/उद्यमिहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको फोटोकोपी तथा अख्तियारी पत्र।
७. सम्वन्धीत वडा कार्यालय र स्थानीय तह कृषि शाखाको आयोजना सञ्चालनको लागि सिफारिस पत्र।
८. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट यस वर्ष वा विगत २ वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र।

अनुदानका शर्तहरू

- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन / संशोधन भए अनुसार थप / घट हुनेछ।
- जग्गा धनी प्रमाण पत्रको हकमा नोटरीबाट प्रमाणित गराइ पेश गर्नुपर्नेछ।
- विगत दुई आर्थिक वर्ष भित्र माग गरेको कार्यक्रम अन्तर्गत सुविधा पाइसकेकोलाई प्राथमिकता दिइने छैन।
- रित नपुगेका, म्याद नाघी प्राप्त भएका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ तथा त्यसको स्वयं जिम्मेवार हुनेछ।।
- गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्वन गरेको, व्यवसायी खेती गर्ने, बढी लागत सहभागिता भएको व्यक्ती / संस्थालाई प्राथमिकता दिइने छ।
- छोटो सुचीमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश / स्थलगत निरीक्षण गरिने छैन।
- अधिकतम् अनुदान प्रतिशत भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ र कृषि क्षेत्रमा अनुदान परिचालन कार्यबिधि, २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
- प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहनेछ। आवश्यक थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ। ती कागजातहरु बुझाउन नसके छनौट /सम्झौता/भुक्तानी गरिने छैन।

नोट: विस्तुत जानकारीको लागि कार्यालय समय भित्र यस कृषि ज्ञान केन्द्र रौतहटमा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

थप जानकारीको लागी https://akcrautahat.madhesh.gov.np मा सम्पर्क गर्न सकिनेछ। बिस्तृत जानकारीको लागि ९८५५०२४००१,०५५५२०००१ मा सम्पर्क गर्न सकिनेछ।

नि. कार्यालय प्रमुख

जनकपुर टुडे

‘ट्रम्पले जित्ने आशामा नेतन्याहू’

एएफपी

जेरुसेलम । अमेरिकी राष्ट्रपति को चुनाव नजिकिँदै गर्दा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा फर्कने आशा गर्नुभएको उहाँका अभिव्यक्तिले पुष्टि गरेका छन् । नेतन्याहूका लागि ट्रम्पको अन्तिम कार्यकाल सहज थियो र नोभेम्बर ५ का लागि तय भएको मतदानको पूर्वसन्ध्यामा पूर्व राष्ट्रपतिले आफ्नो मध्यपूर्व नीतिबारे मिश्रित सन्देश पठाउनुभएको छ ।

उहाँले नेतन्याहूलाई इरानको आणविक केन्द्रहरूमा बमबारी गर्न प्रोत्साहित गर्नेदेखि अमेरिकी वर्तमान् राष्ट्रपति जो बाइडेनको आलोचना गर्दै भन्नुभयो, “यदि म राष्ट्रपति भएको भए अक्टोबर ७ को आक्रमण कहिल्यै हुने थिएन।” उहाँले इजरायललाई युद्ध अन्त्य गर्न दबाब दिने पनि सन्देशमा उल्लेख छ । यद्यपि ट्रम्पको ‘अमेरिकालाई फेरि महान् बनाऊ’ भन्ने चुनावी नारा र इजरायलबारेका यी अस्पष्ट अभिव्यक्ति र नीतिहरूले नै नेतन्याहूले ट्रम्पसँग आशा गरेको विश्लेषकहरू बताउँछन्।

रिपब्लिकन राष्ट्रपतिका रूपमा ट्रम्पले नेतन्याहूलाई गाजा र लेबनानमा जारी द्वन्द्वको सामना गर्न थप स्वतन्त्रता दिने सम्भावना रहनेछ।“नेतन्याहूको एउटा कोसेढुङ्गा अमेरिकी निर्वाचन हो। उहाँले ट्रम्पको विजयका लागि प्रार्थना गरिरहनुभएको छ । यसले उहाँलाई धेरै स्वतन्त्रता प्रदान गर्नेछ वा आफूले चाहेको काम गर्न दिनेछ,” जेरुसेलमको हिब्रु विश्वविद्यालयका राजनीति शास्त्रका प्राध्यापक गिडोन राहतले एएफपीसँग बताउनुभयो ।

नेतन्याहूका पूर्व चिफ अफ स्टाफ तथा राजनीतिक टिप्पणीकार अभिभ बुशिन्स्कीले भन्नुभयो, “अमेरिकी रिपब्लिकन नेता ट्रम्पसँग डेमोक्र्याट नेताहरूको तुलनामा नेतन्याहूको अनुभव निकै राम्रो छ। डेमोक्र्याटहरू नेतन्याहूमाथि धेरै कठोर छन्।”

घनिष्ठ व्यक्तिगत सम्बन्ध

प्रधानमन्त्रीका रुपमा १७ वर्षको कार्यकालमा नेतन्याहूले रिपब्लिकन पार्टीका नेता ट्रम्पसँग मात्र सहकार्य गर्नुभएको छ अर्थात् यो अवधिमा अमेरिकामा अन्य राष्ट्रपति सबै डेमोक्र्याटिक पार्टीबाट निर्वाचित भएका थिए। आफ्नो कार्यकालको दौडान ट्रम्पले नेतन्याहूको घरेलु प्रतिष्ठालाई बढावा दिने धेरै कदमहरू चाल्नुभएको थियो भने इजरायल, प्यालेस्टाइनसँगको द्वन्द्व र व्यापक क्षेत्रबारे लामो समयदेखिका अमेरिकी नीतिहरूलाई रद्द गर्नुभएको थियो ।

राष्ट्रपतिका रूपमा रिपब्लिकन नेता ट्रम्पले अमेरिकी दूतावासलाई जेरुसेलममा स्थानान्तरण गर्नुभएको थियो । यसलाई इजरायलले आफ्नो अविभाजित राजधानीको रूपमा दावी गर्दछ। अमेरिकाले कब्जा गरिएको गोलान हाइट्समा इजरायली सार्वभौमिकतालाई मान्यता दिएको थियो र तीन वटा अरब राज्य र इजरायलबीचको सम्बन्ध सामान्यीकरण गर्ने वातावरण सिर्जना गरेको थियो।

ट्रम्पले इजरायलको कट्टर शत्रु इरानसँगको ऐतिहासिक आणविक सम्झौताबाट पछि हट्नुभएको थियो र पुनः इस्लामिक गणतन्त्र इरानमाथि कडा आर्थिक प्रतिबन्धहरू लागू गर्नुभएको थियो । यसैबीच, अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायलका लागि आफ्नो ‘चट्टानी समर्थन’ मा जोड दिनुभए पनि लामो समयदेखि नेतन्याहूसँगको सम्बन्ध चिसो रहँदै आएको देखिन्छ । बाइडनले नेतन्याहूलाई इरानको तेल उत्पादन र आणविक केन्द्रहरूमा आक्रमण नगर्न चेतावनी दिनुभएको थियो भने ट्रम्पको धारणा यसको विपरीत रहेको थियो ।

ट्रम्प र नेतन्याहूबीच घनिष्ठ व्यक्तिगत सम्बन्ध पनि छ । अमेरिकी पूर्व राष्ट्रपतिले यसै हप्ता इजरायली प्रधानमन्त्रीसँग बारम्बार फोन वार्ता भएको दाबी गर्नुभएको छ । जर्जियामा आयोजित एक र्‍यालीलाई हालै सम्बोधन गर्दै ट्रम्पले भन्नुभएको थियो, “हामीबीच निकै राम्रो सम्बन्ध छ । “हामी उनीहरूसँग धेरै नजिकबाट काम गर्न जाँदैछौं।बुशिन्स्कीले भन्नुभयो, “यी सकारात्मक कुराहरू कुनै पनि चिन्ताभन्दा बढी हुनेछन्। मलाई लाग्छ, नेतन्याहू ट्रम्पको निर्वाचनको अनिश्चितताको जोखिम मोल्न तयार हुनुहुनेछ।”

इजरायलमा लोकप्रिय

ट्रम्प नेतन्याहूसँग मात्र होइन, इजरायली जनतामाझ पनि लोकप्रिय हुनुहुन्छ।इजरायल इन्स्टिच्युट फर रिजनल फरेन पोलिसीज मिटभिमले सेप्टेम्बरमा गरेको जनमत सर्वेक्षणमा ६८ प्रतिशत इजरायलीले ट्रम्पलाई इजरायलको हितमा काम गर्ने उम्मेदवारका रुपमा हेरेका छन् ।

उपराष्ट्रपति कमला ह्यारिसले इजरायललाई समर्थन गर्ने र इजरायलको रक्षा गर्ने अधिकारबारे बारम्बार घोषणा गरे पनि १४ प्रतिशतले मात्र उहाँलाई रोजेका थिए ।संयुक्त राज्य अमेरिकाका लागि पूर्व इजरायली कूटनीतिज्ञ तथा मिटविमको निर्देशक समितिका सदस्य नादाव तामिरले भन्नुभयो, “इजरायलमा, संयुक्त राज्य अमेरिका बाहिर अन्य कुनै पनि उदार लोकतन्त्रभन्दा ट्रम्प ह्यारिसभन्दा बढी लोकप्रिय हुनुहुन्छ।”

यद्यपि, तामिरले नयाँ ट्रम्प प्रशासन आश्चर्यजनक हुन सक्ने बताउनुभयो। उहाँले भन्नुभयो, “पूर्व राष्ट्रपति ट्रम्प अलगाववादी हुनुहुन्छ र अमेरिकालाई स्वतन्त्र विश्व वा अन्तर्राष्ट्रिय गठबन्धनको नेता बनाउन चाहनुहुन्न । उहाँले आफूलाई यस सम्बन्धमा समान विचार भएका रिपब्लिकनको भीड र विचारलाई पार्टीमा बढी स्थान दिएको पाइन्छ ।”

‘अविश्वास’

प्यालेस्टिनी राजनीतिशास्त्री तथा सर्वेक्षणकर्ता खलिल शिकाकीका अनुसार प्यालेस्टिनीहरूमा कुनै पनि उम्मेदवारका लागि खासै उत्साह छैन ।

’प्यालेस्टाइनीहरूले दुवै उम्मेदवारलाई अविश्वास गर्छन् र उनीहरूबीच खासै भिन्नता देख्दैनन्,” शिकाकीले भन्नुभयो । हमासका एक अधिकारी ताहेर अल-नुनुले एएफपीसँग कुरा गर्दै अमेरिकी प्रशासनले इजरायलको पक्षमा प्यलेष्टिनीविरूद्ध पक्षपातपूर्ण व्यवहार गर्दै आएको बताउनुभयो । विस्थापित भई सडकमा जीवन बिताइरहेका प्यालेस्टिनीहरूले जसले जिते पनि आफ्नो इलाकामा जीवन सुधार नहुने बताएका छन्।

“अमेरिकी चुनावले हाम्रो राजनीतिक वास्तविकतामा सकारात्मक प्रभाव पार्छ भन्ने मलाई विश्वास छैन,” पश्चिम किनारास्थित बिरजित युनिभर्सिटीकी २१ वर्षीया छात्रा लीन बासेमले भन्नुभयो । साउण्ड इञ्जिनियर ४२ वर्षीय हसन अनवरले पनि इजरायलको समर्थनमा अमेरिकी नीति पूर्णरुपमा स्पष्ट भएको र उनीहरूले प्यालेष्टिनीलाई हेर्ने आँखामा कुनै भिन्नता छ भन्ने आफूलाई विश्वास नभएको बताउनुभयो ।

आइसिसी विश्वकप लिग-२ :

नेपाली टोली घोषणा

काठमाण्डु । अमेरिका र स्कटल्याण्डविरुद्ध हुने आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ को शृंखलाका लागि नेपाली टोली घोषणा गरिएको छ ।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले शनिबार रोहितकुमार पौडेलको कप्तानीमा १५ सदस्सीय टोलीको घोषणा गरेको हो ।

टोलीका अन्य खेलाडीमा अनिल साह, कुशल भुर्तेल, आसिफ सेख, भीम सार्की, दीपेन्द्रसिंह ऐरी, अर्जुन साउद, आरिफ सेख, कुशल मल्ल, सोमपाल कामी, सन्दीप लामिछाने, करण केसी, ललितनारायण राजवंशी, गुल्सन झा र रिजन ढकाल रहेका छन् ।

देव खनाल र सागर ढकाललाई रिजर्भमा राखिएको छ । लिग-२ मा नेपालले अमेरिका र स्कटल्याण्डसँग दुई दुई खेल खेल्ने छ । नेपालले पहिलो खेल आइतबार राति घरेलु टोली अमेरिकासँग खेल्नेछ । उक्त खेल राति ९ः१५ बजे सुरु हुने छ । नेपालले दोस्रो खेल मङ्गलबार स्कटल्याण्डसँग खेल्नेछ ।

आइसिसी विश्वकप लिग-२ मा नेपालसहित क्यानडा, अमेरिका, नेदरल्याण्डस्, स्कटल्याण्ड, नामिबिया, ओमान र युनाइटेड अरब इमिरेट्स (युएई) सम्मिलित छन् । नेपाल आइसिसी विश्वकप लिग-२ को अङ्कतालिकामा सातौं स्थानमा छ । नेपालले हालसम्म खेलेका आठ खेलमा एउटामा जित तथा ६ मा हारका साथ तीन अङ्क जोडेको छ । एउटा खेल वर्षाका कारण हुनसकेको थिएन ।

यस्तै अमेरिका हालसम्म खेलेका नौ खेलमध्ये ६ मा जित र तीनमा हारका साथ १२ अङ्क जोडेदै दोस्रो स्थानमा छ । स्कटल्याण्डले भने हालसम्म आठ खेल खेलेको छ । स्कटल्याण्ड पाँच खेलमा जित तथा दुईमा हार बेहोर्दै अङ्कतालिकामा चौथो स्थानमा रहेको छ ।रासस

बेलबारी गोल्डकपको उपाधि झापा-११ लाई

बेलबारी । मोरङको बेलबारीमा जारी सातौं आरजु राइस बेलबारी अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकपको उपाधि झापा-११ फुटबल क्लबले जितेको छ ।

शनिबार बेलारी-११ लक्ष्मीमार्गस्थित लक्ष्मी खेलमैदानमा भएको फाइनल खेलमा टाइब्रेकरमा सलहेस फुटबल क्लब सिराहालाई ५-३ गोलअन्तरले हराउँदै झापाले उपाधि जितेको हो । उपाधिसँगै झापा-११ ले रु आठ लाख नगदसहित ट्रफी जितेको छ । यस्तै उपविजेता सलहेस फुटबल क्लब सिराहाले रु चार लाख नगदसहित ट्रफी प्राप्त गरेको छ ।

झापा-११ का लागि दिनेश उराव, अभिषेक गुरुङ, शौरभ लिम्बू, उत्सव राई र देवेन्द्र तामाङ तथा सलहेशका लागि राम थापा, आदित्य शाक्य र विप्लव गुरुङले गोल गरेका थिए । सलहेशका समीर तामाङको प्रहार झापाका गोलरक्षक सन्दीप लिम्बूले गोल हुनबाट बचाएका थिए ।

फाइनल खेलमा मध्यान्तरअघि दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । मध्यान्तरपछिको खेलको ५० औं मिनेटमा सलहेश फुटबल क्लबका अजयी मार्टिनले गोल गर्दै आफ्नो टोलीलाई १-० को अग्रता दिलाएका थिए । यस्तै खेलको ७१औं मिनेटमा झापाका प्रदीप बुढाथोकीले जवाफी गोल गर्दै खेल बराबरीमा पुर्याए । निर्धारित समयमा दुवै टोलीले थप गोल गर्न नसकेपछि जित हारको निर्णय टाइब्रेकरबाट गरिएको हो ।

फाइनल खेलको म्यान अफ दी म्याच अभिषेक गुरुङ घोषित भए । उनले नगद रु पाँच हजारसहित ट्रफी प्राप्त गरे । झापाका सन्दीप लिम्बू उत्कृष्ट गोलरक्षक, उत्सव राई उत्कृष्ट मिडफिल्डर, सन्तोष गुरुङ उत्कृष्ट प्रशिक्षक र देवेन्द्र तामाङ सर्वश्रेष्ठ खेलाडी घोषित भए । तामाङले रु १० हजार नगदसहित ट्रफी र अन्य खेलाडीले जनही रु सात हजार नगद तथा ट्रफी प्राप्त गरे ।

यस्तै सलहेश फुटबल क्लबका अजयी मार्टिनले सर्वाधिक गोलकर्ताको उपाधि प्राप्त गरे । उनले खेल अवधिभर पाँच गोल गरेका थिए । सलहेशका समीर तामाङले उत्कृष्ट फरर्वाडको उपाधिसँगै रु सात हजार नगद र ट्रफी प्राप्त गरे ।

विजयी खेलाडीलाई कोशी प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राई, कोशी प्रदेशका प्रदेशसभा सदस्य ज्ञानेन्द्र सुवेदी र मानबहादुर लिम्बू, बेलबारी नगरपालिकाका प्रमुख दिलप्रसाद राई र एन्फाका कोशी प्रदेश अध्यक्ष किशोर राईलगायतले ट्रफी, प्रमाणपत्र तथा नगद पुरस्कार वितरण गरेका थिए । रासस

फिलिपिन्समा आँधीका कारण मृत्यु हुनेको संख्या १०० भन्दा बढी पुग्यो

एएफपी

मनिला । फिलिपिन्समा उष्णकटिबन्धीय आँधी ‘ट्रामी’का कारण मृत्यु हुनेको संख्या १०० भन्दा बढी पुगेको उद्धारकर्मीले आइतबार बताएका छन् ।

आँधीपछि आत्तिएर एउटा तालमा हाम फालेका दर्जनौं मानिस अझै हराइरहेका छन् भने उनीहरूको खोजी भइरहेको छ । गत अक्टोबर २४ मा फिलिपिन्समा आएको ‘ट्रामी’ यस वर्षको सबैभन्दा घातक आँधीमध्ये एक थियो ।

राष्ट्रिय विपद् निकायका अनुसार भूकम्पका कारण पाँच लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् भने कम्तीमा ३६ जना हराइरहेका छन् ।सबैभन्दा बढी प्रभावित बिकोल क्षेत्रमा प्रहरीले ३८ जनाको डुबेर मृत्यु भएको जनाएको छ ।बिकोलका क्षेत्रीय प्रहरी निर्देशक आन्द्रे डिजोनले एएफपीसँग भन्नुभयो, “हामीलाई अझै पनि धेरै फोन आइरहेका छन् र हामी सकेसम्म धेरै मानिसहरूलाई बचाउने प्रयास गरिरहेका छौं।”

“आशा छ, त्यहाँ थप मृत्यु हुनेछैन,” उहाँले भन्नुभयो ।डिजोनले यस क्षेत्रको क्यामारिन सुर प्रान्तका ‘धेरै बासिन्दाहरू’ अझै पनि आफ्नो घरको छत र माथिल्लो तलामा फसेको बताउनुभयो । मनिलाको दक्षिणमा पर्ने बाटाङ्गासमा मृत्यु हुनेको संख्या ५५ पुगेको प्रान्तीय प्रहरी प्रमुख ज्याकिन्टो मालिनाओले एएफपीलाई जानकारी दिनुभयो । क्याभिट प्रान्तमा डुबेर दुई जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । एएफपीको आधिकारिक प्रहरी र विपद् निकाय स्रोतका अनुसार अन्य प्रान्तमा थप पाँच जनाको शव फेला परेपछि मृतकको संख्या १०० पुगेको छ ।नागरिक सुरक्षा कार्यालयका एडगर पोसाडासले एएफपीसँग भन्नुभयो, “आगामी दिनमा अझै धेरै मानिसको मृत्यु भएको जानकारी आउने सम्भावना छ किनभने उद्धारकर्ताहरू पहिलेभन्दा फरक स्थानमा उद्धारका लागि पुगेका छन् । प्रहरी, तटरक्षक र मरिन डाइभिङ टोलीले आइतबार पनि बाटाङ्गासको तालमा हामफालेका भनिएका सात परिवारको खोजी गरिरहेका छन् ।

प्रान्तीय प्रहरी प्रमुख मालिनाओले भन्नुभयो, “पहाडको पानीले बालेटे शहरमा रहेको उनीहरूको घरमा पहिरो र बाढी ल्याएपछि उनीहरूको घर भत्किने डरमा आत्तिएर तालमा हाम फालेका थिए । बटाङ्गासमा अधिकांश को मृत्यु वर्षाका कारण आएको पहिरोका कारण भएको बताइएको छ ।माटो, ढुङ्गा र ढलेका रूखको थुप्रोबाट २० जनाभन्दा बढीको शव निकालिएको छ भने कम्तीमा २० जना अझै हराइरहेको प्रहरीले जनाएको छ ।मालिनाओले भन्नुभयो, “सबै शव नभेटिएसम्म हामी खोजी जारी राख्नेछौं ।”

उत्तरी फिलिपिन्सको विभिन्न भागमा आएको बाढीका कारण करिब पाँच लाख ६० हजार मानिस विस्थापित भएको राष्ट्रिय विपद् निकायले आइतबार जनाएको छ ।प्रत्येक वर्ष करिब २० वटा ठूला आँधीबेहरीले फिलिपिन्स र यसको वरपरका घर र पूर्वाधारमा क्षति पुर्‍याउने गरेको छभने दर्जनौं मानिसको ज्यान लिने गरेको छ ।

भारतीय एयरलाइन्समा बम पड्काउने निरन्तरका चेतावनीपछि प्रशासनद्वारा कारबाहीको चेतावनी

एएफपी

नयाँ दिल्ली । भारतले यस महिना भारतीय एयरलाइन्समा बम राखिएको सयौं चेतावनीले हवाई यात्रालाई प्रभावित बनाएको बताउँदै सामाजिक सञ्जाल प्लेटफर्महरूलाई ‘परिणामी कारबाही’ गर्ने चेतावनी दिएको छ।

बमको चेतावनीपछि भारतीय विमानहरू गन्तव्यबाट क्यानाडा र जर्मनीतर्फ जान बाध्य भएका थिएभने र विमानलाई लडाकु विमानले बेलायत र सिङ्गापुरमाथिको आकाशमा पहरा दिएका थिए।सरकारले चेतावनीको संख्यामा देखिएको वृद्धि ‘अनियन्त्रित र जोखिमपूर्ण’ रहेको बताएको छ।यदि उनीहरूले ‘गलत सूचना पठाउने कार्यलाई तुरुन्तै रोकेनन’ भने प्रशासनले सामाजिक सञ्जाललाई ‘कानूनमा व्यवस्था भएअनुसार कारबाही’ गर्ने चेतावनी दिएको छ ।

“एयरलाइन्समा बम पड्काउने चेतावनीजस्ता दुर्भावनापूर्ण कार्यका घटनाहरूले सार्वजनिक व्यवस्था र राज्यको सुरक्षामा खतरा निम्त्याउन सक्छ,” प्रशासनले शनिबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।“यस्ता भ्रामक चेतावनीको संख्याको वृद्धिले नागरिकको उडान र सुरक्षासम्बन्धी मनोबललाई असर गर्नुका साथै देशको आर्थिक सुरक्षालाई पनि अस्थिर बनाउँछ,” विज्ञप्तिमा भनिएको छ।

प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) समाचार संस्थाका अनुसार अक्टोबरको मध्यदेखि अहिलेसम्म कम्तीमा २७५ वटा विमानमा बम विस्फोटको धम्की दिइएको छ । अन्य भारतीय सञ्चारमाध्यमका अनुसार यो संख्या ४०० को हाराहारीमा हुन सक्छ ।“कुनै पनि तेस्रो पक्ष जानकारीको लागि दायित्वको छूट पाएका त्यस्ता मध्यस्थहरूले दायित्वहरू पालना गरेनन् भने उनीहरूसँगको सम्झौता लागू हुने छैन,” विज्ञप्तिमा भनिएको छ।

‘आर्थिक सुरक्षा’

नागरिक उड्डयन अधिकारीले एक्स (ट्विटर)मा पोस्ट गरिएका खतराको चेतावनीका सन्देशले प्रत्येक उडानहरू जाँच गर्नुपरेको बताएका छन् । चेतावनीले सेवा जोखिमयुक्त भएको भावना फैलिनुका साथै यसबाट प्रत्यक्षरूपमा कम्पनी र परोक्षरूपमा राज्यलाई आर्थिक क्षति पुर्‍याएको उनीहरूको बुझाई रहेको छ ।

सरकारी चेतावनीमा कुनै पनि सामाजिक सञ्जाल कम्पनीको नाम उल्लेख गरिएको छैन, तर सूचना प्रविधि मन्त्रालयको परामर्श सूचनालाई उद्धृत गरिएको छ।सूचना मन्त्रालयले भनेको छ, “सामाजिक सञ्जाल प्लेटफर्ममा ‘फरवार्डिङ/रि-शेयरिङ/रि-पोस्टिङ/रि-ट्वीटिङ’ को विकल्प उपलब्ध भएका कारण यस्ता भ्रामक बमको चेतावनीसहितका सन्देशको फैलावट र अनियन्त्रित वृद्धि देखिएको छ ।”

विज्ञप्तिमा अगाडि भनिएको छ, “कम्पनीहरूले देशको एकता, अखण्डता, सार्वभौमिकता, सुरक्षा वा आर्थिक सुरक्षामा खतरा उत्पन्न गर्न सक्ने कुनै पनि अपराधको रिपोर्ट गर्नु पर्दछ र अनुसन्धानमा सहयोग पुर्याउन सरकारी निकायहरूसँग द्रूत सहयोग गर्नुपर्दछ।”सरकारले उड्डयन र विमान सुरक्षा कानूनमा आमूल परिवर्तन गर्न र त्यस्ता धम्कीलाई गम्भीर वा ‘संज्ञेय’ अपराधको दोषी बनाउन ‘विधायिकी कदम’ बारे छलफल गरिरहेको बताएको छ ।

लोकतान्त्रिक मुलुकका रूपमा चिनिने भारत सामाजिक सञ्जालका सामग्री हटाउन सरकारले गर्ने अनुरोधका आधारमा हेर्दा विश्वका शीर्ष पाँच मुलुकमध्ये एउटा हो ।प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारको आलोचना गर्ने ट्वीट र एकाउन्टहरू हटाउने आदेशलाई चुनौती दिएका कारा गत वर्ष भारतीय अदालतले एक्सलाई ६१ हजार अमेरिकी डलर जरिवाना गरेको थियो।

हार्दिक श्रद्धाञ्जली

जन्म :
वि.सं. २०४२/११/१६

स्वर्गारोहण :
वि.सं. २०८१/०७/०२

स्व. अजिता गुप्ता

यस बैंकका कर्मचारी अजिता गुप्ताको असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै, यस दुःखद घडीमा शोक सन्तप्त परिवारजन प्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

PRABHU BANK

प्रभु बैंक लिमिटेड, परिवार

लुम्बिनी विकास बैंक लिमिटेडको
तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/१२ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

तपसिल

क्र.सं. | **ऋणीको विवरण**

१. **नाम : इन्द्रेश कुमार यादव**
बाबुको नाम : हरि नारायण गोइत यादव, बाजेको नाम : कारी गोइत यादव
ठेगाना : इनर्वा - ८, धनुषा
ना.प्र.प.नं. : २९३५०९३१, जि.प्र.का. धनुषा, जारी मिति : २०६१/०८/०९

नाम : किरण कुमारी यादव
पतिको नाम : इन्द्रेश कुमार यादव, सासुराको नाम : हरि नारायण गोइत यादव
ठेगाना : इनर्वा - ८, धनुषा
ना.प्र.प.नं. : १७३००४/७, जि.प्र.का. धनुषा, जारी मिति : २०७०/०२/१२
शाखा कार्यालय : जनकपुर

ब्यक्तिगत जमानत दिनेको विवरण

१. नाम : इन्द्रेश कुमार यादव बाबुको नाम : हरि नारायण गोइत यादव बाजेको नाम : कारी गोइत यादव ठेगाना : इनर्वा - ८, धनुषा ना.प्र.प.नं. : २९३५०९३१ जि.प्र.का. धनुषा जारी मिति : २०६१/०८/०९	**२. नाम : हरि नारायण गोइत यादव** बाबुको नाम : कारी गोइत यादव बाजेको नाम : महाबीर गोइत ठेगाना : इनर्वा - ८, धनुषा ना.प्र.प.नं. : ५९२५०३१९ जि.प्र.का. धनुषा जारी मिति : २०४१/०७/१९
